# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## इच्छाकामना गाउँपालिका, चितवन

## आर्थिक वर्ष २०७६/७७

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं,
नेपाल


पत्र संख्या: २०७८/७९

च.नं.: २०९

मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू
ईच्छाकामना गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
चितवन ।

**विषयः- लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

**महालेखापरीक्षकको भनाइ**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।



स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८।७९
च.नः २५८ मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू,
इच्छाकामना गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
चितवन ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले इच्छाकामना गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीयय विवरण र त्यससंग सम्बन्धित आय-व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको भएता पनि सबै कारोबारलाई समेट्न सकेको छैन ।
२. लेखापरीक्षणबाट रु.३ करोड ४४ लाख ९८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२१ लाख ४५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३ करोड ९ लाख ५१ हजार रनियमित गर्नुपर्ने रु.७ लाख २९ हजार र पेश्की रु.६ लाख ७३ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।११।२२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना ३२(बत्तीस) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरिक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरीक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षण सङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(ईन्द्र प्रसाद आचार्य)
नायव लेखापरीक्षक

## इच्छाकामना गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७६/७७

**परिचयः** संघिय शासन पद्धती तल्लो तहको रुपमा रहेको स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । गाउँपालिका अन्तर्गत ७ वटा वडाहरुबाट नागरिकहरुलाई सेवा प्रदान गर्दै आएको छ ।

**स्थानीय सञ्चितकोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आयव्यय हिसाबको २०७६।०७६ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

| विवरण | बजेट | आफैले गरेको प्राप्ती/भुक्तानी | जम्मा |
|---|---|---|---|
| **प्राप्ती (क+ख)** | ६५२२८० | ५२५४२२ | ५२५४२२ |
| **क.प्राप्ती (संचितकोषमा आम्दानी बाँधिने)** | **५३९३१४** | **४५१४०९** | **४५१४०९** |
| ११०० कर | १२४१५३ | ७५८२५ | ७५८२५ |
| १३०० अनुदान | ३४३४६१ | ३५५९६३ | ३५५९६३ |
| संघीय सरकार | २९७४२६ | ३०९८६७ | ३०९८६७ |
| प्रदेश सरकार | ४१०३५ | ४६०३६ | ४६०३६ |
| जनसहभातिता | ५००० | ५९ | ५९ |
| १४००० अन्य राजस्व | ७१७०० | १९६२० | १९६२० |
| **ख. अन्य प्राप्ती** | **११२९६५** | **७४०१३** | **७४०१३** |
| वितरण गर्न बाँकी राजस्व | ० | ० | ० |
| कोषहरु | ६४८२२ | ४१५४५ | ४१५४५ |
| धरौटी | ० | ४५७० | ४५७० |
| संधीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ४८१४३ | २७८९७ | २७८९७ |
| **भुक्तानी (ग+घ)** | **६७२५६४** | **४६८३६३** | **४६८३६३** |
| **ग. भुक्तानी (संचित कोषबाट )** | **५५९५९८** | **४०८२२४** | **४०८२२४** |
| २१००० पारिश्रमिक/सुविधा | १४७१८० | १३४१०७ | १३४१०७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ७२४५३ | ४२१६२ | ४२१६२ |
| २५००० सहायता | १००० | १००० | १००० |
| २६००० अनुदान | ६३३८४ | ४४६५९ | ४४६५९ |
| २७००० सामाजिक सुरक्षा | ७६१० | ५६३० | ५६३० |
| २८००० अन्य खर्च | ७७३ | ४५३ | ४५३ |
| ३१००० गैर वित्तिय सम्पती/पूँजिगत खर्च | २६७१९७ | १८०२११ | १८०२११ |
| **घ. अन्य भुक्तानी** | ११२९६५ | ६०१३८ | ६०१३८ |
| कोषहरु | ६४८२२ | २९५८९ | २९५८९ |
| धरौटी | ० | ३३८१ | ३३८१ |
| संधीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ४८१४३ | २७८९७ | २७८९७ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी | ० | (७२९) | (७२९) |
| ङ. यो वर्षको बचत ( न्युन ) | (२०२८४) | ५७०५९ | ५७०५९ |
| च. गत वर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ७२२२३ | ७२२२३ |
| **वर्षान्तको बाकी रकम (ङ+च )** | (२०२८४) | १२९२८२ | १२९२८२ |
| | | | |
| बैक तथा नगद बाँकी | | १२९८२५ | १२९८२५ |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राखुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखु पर्दछ।प्राप्त एकिकृत आय व्यय विवरण अनुसार गत वर्षको मौज्दात रु.६ करोड ४७ लाख २४ हजार समेत कुल आय ५८ करोड ५९ लाख ६६ हजार र कुल खर्च ४४ करोड १८ लाख ५१ हजार रहेको देखिन्छ । | |
| २. | **स्वीकृत ढाँचा** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि सबै आर्थिक कारोबारलाई समेट्न सकेको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् । | |
| २.१. | **जिम्मेवारी फरक** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राखे र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.६ करोड ४७ लाख २४ हजार मौज्दात कायम भएकोमा म ले प फा न २७२ अनुसार यो वर्षको शुरुमा रु ७ करोड २२ लाख २३ हजार जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ७४ लाख ९९ हजार बढी जिम्मेवारी सरेको देखिएको छ । | |
| २.२. | प्रस्तुत स्थानीय संचित कोष व्यवस्था प्रणाली ढाँचाको प्रतिवेदनले यस वर्षको आय रु.५२ करोड ५४ लाख २२ हजार र गत वर्षको मौज्दात रु.७ करोड २२ लाख २३ हजार समेत जम्मा रु.५९ करोड ७६ लाख ४६ हजार र कुल भुक्तानी रु.४६ करोड ८३ लाख ६३ हजार देखाएकोले बचत रु.१२ करोड ९२ लाख ८२ हजार देखिन्छ । | |
| ३. | **एकिकृत आय-** आयव्यय विवरण अनुसार यस वर्षको आय रु. ५२१२४१७२९।२४र गत वर्षको मौज्दात रु ६४७२४४४९.८० समेत जम्मा आय रु. ५८५९६६१७९।०४ देखिएकोमा उक्त म.ले.प.फा.नं.२७२ प्रतिवेदनले रु. ५९ करोड ७६ लाख ४६ हजार आय लेखाङ्कन गरेको देखिन्छ । त्यस्तै खर्च तर्फ एकिकृत आय- व्ययले रु. ४८ करोड १८ लाख २१ हजार खर्च देखाएको र स्थानीय संचित कोष व्यवस्था प्रणाली प्रतिवेदनले रु.४६ करोड ८३ लाख ६३ हजार खर्च देखाएकोले एकिकृत आय व्यय विवरणमा रु.१ करोड ३४ लाख ५८ हजार खर्च बढी लेखाङ्कन भएको छ । | |
| ४. | जिल्ला समन्वय समिति सोझेदारी बजेट तर्फ एकिकृत आय व्ययमा रु३१०९८४१।आम्दानी देखाएको छ भने लेखापरीक्षणबाट सो शिर्षकमा रु ६१०९८४१।देखिएकोले रु३००००००। न्यून आम्दानी देखाएको छ । | |
| ५. | स्वीकृत म.ले.प.फा.नं. २७२ अनुसार मौज्दात रु.१२ करोड ९२ लाख ८२ हजार देखाएकोमा एकिकृत आय-व्यय विववरण अनुसार रु.१० करोड ४१ लाख ४५ हजार मौज्दात देखिन्छ। सो मौज्दात एकिन गर्न बैंक बांकी विवरण उपलब्ध नभएकोले भिडान गर्न सकिएन । | |
| ६. | **बैंक हिसाब मिलानः** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा | |

| | | |
|---|---|---|
| | महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण बैक हिसाव मिलान अध्ययन गर्न सकिएन । अत नियमानुसार बैक मिलान हिसाव तयार गर्नुपर्दछ । | |
| ७. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• गाँउपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खाता, पुँजीगत खर्च खाता, र विभाज्य कोषमा समेत रकम  मौज्दात रहेको पाईयो ।<br>• गाँउपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन ।<br>• अनुदानबाट संचालन हुने योजना तथा कार्यक्रमको अनुगमन गरेकोमा सो को प्रभावकारीता सम्बन्धनमा प्रतिवेदन पेश हुने गरेको पाइएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• गाँउपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• गाँउपालिकाले सरकारी मोटरसाइकललाई सरकारी नम्वर हाली संरक्षण गर्नु पर्नेमा हालसम्म पनि निजी नम्वर रातो प्लेटमा रहेको पाइयो ।<br>• जिन्सी व्यवस्थापन गर्न सफ्टवेयर लागु गर्नुपर्नेमा हाल सम्म पनि उक्त कार्य गरेको देखिएन।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी नगरपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको पाइएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।<br>• कुनै रकम रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ अनुसार खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। | |

| | | |
|---|---|---|
| | • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार गाउँपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा पूर्ण रुपमा पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको देखिएन ।<br>• गाँउपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक स्थायी प्राविधिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।<br>तसर्थ गाँउपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| | **बजेट तथा कार्यक्रम** | |
| ८. | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखबाट २०७६/३/४ मा नीति तथा कार्यक्रम र २०७६।३।१० गते बजेट पेश भई रु.५६ करोड ९६ लाख ५७ हजार बजेट पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६/४/५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ९. | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिताका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकाले योजना स्पष्ट नगरी बजेट व्यवस्था गर्ने र कार्यपालिकाको निर्णयबाट बजेट बाँडफाड गरी खर्च गर्ने गरेको छ । गाउँपालिकाले यातायात पुर्वाधार शिर्षकमा रु १५२५०००।०० रकम अवन्डा राखेको छ । | |
| १०. | **स्रोत अनुमान तथा बजेट सीमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र | |

अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकता, बजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याईएतापनि ठुला पूर्वाधार क्षेत्रलाई बजेटको प्राथमिकीकरण गरेको देखिएन । प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यान्वयनमा ल्याउनु पर्दछ ।

११. **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | ८०३३१५०११०१ | ३७२९३४ | २१८०२ | ८८४६ | २६२६७३ | ३९८२३ |
| २ | ८०३३१५०१५११ | १६०३४५ | ३३६८ | ४०९५६ | ८५६९९ | ४२५६ |
| ३ | ८०३३१५०१५२ | ३११६४ | ६२३३ | २१८१ | २२७५० | ३११६ |
| | जम्मा | ५६४४४२ | ३१४०३ | ५१९८३ | ३७११२२ | ४७१९५ |
| | **प्रतिशत** | | **५.५६** | **९.२०** | **६५.७४** | **८.३६** |

१२. **योजना छनौट र संचालनः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतीका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गाउँपालिकाको विनियोजन ऐन बमोजिम स्वीकृत भएका योजनाहरुको नमुना छनौट गरी परीक्षण गर्दा ५ वटा योजना ५० हजार देखि १ लाख सम्मका, १४० वटा योजना १ लाख देखि ५ लाख सम्मका समेत गरी १५८ वटा योजना ५ लाख भन्दा कम बजेटका संचालन भएको देखियो । तसर्थ गाउँपालिकाले छनौट गरेको योजना मध्ये अधिकांश योजना कम लागतका रहेको देखिएको छ । गाउँपालिकाले साना तथा टुक्रे योजना संचालन गरेकोले ऐनको दफा २४ अनुसार प्राथमिकिकरण गरेको पाइएन । गाउँपालिकाले मध्यम तथा दिर्धकालिन योजना छनौट तथा प्राथमिकिकरण गरी सहभागितामूलक, उत्पादनमूलक, दीगो र प्रतिफल प्राप्त गर्ने गरी योजना संचालन हुनु पर्दछ ।

१३. गाउँपालिकाको क्षेत्रगत बजेट खर्च स्थिति निम्नानुसार देखिएकोले समग्रमा ७४.२७ प्रतिशत मात्र प्रगति रहेको छ । शतप्रतिशत लक्ष्य हासिल गर्ने गरी कार्ययोजना बनाई कार्य गर्नुपर्दछ।

| **क्षेत्र** | **बजेट** | **खर्च** | **प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | २४५७८८०० | १९७८७६७४ | ४.८४ |
| सामाजिक विकास | २२३७९७००० | १६९४२३७७० | ४१.५० |
| पूर्वाधार विकास | १८१३८२८०० | १२००४१०४३ | २९.४० |
| वित्तिय व्यवस्थापन सुशासन | ४२७६७९७५ | ३३५४५३१७ | ८.२१ |
| कार्य संचालन प्रशासनिक खर्च | ७७०७२००० | ६५४२१८६३ | १६.०२ |
| **जम्मा** | **५४९५९८५७५** | ४०८२१९६६७ | १०० |

१४. **योजना संचालन स्थितीः** गाउँपालिकाले पेश गरेको प्रगति प्रतिवेदन अनुसार आ.व २०७६/७७ मा उपभोक्ता समिति र बोलपत्रमा प्रतिस्पर्धा मार्फत संचालन भएको योजनाको स्थिति निम्नानुसार

छ । अतः अधिकाश योजना उपभोक्ता समितिबाट संचालन भएको पाइयो । कार्य प्रकृति र जनसहभागिताको स्तरलाई मध्यनजर गरी प्रतिस्पर्धात्मक किसिमले योजना संचालन गर्नुपर्ने देखिन्छ ।

| सि.नं. | योजना | संख्या | उ.स. बाट | टेण्डरबाट स.भ.यो. |
|---|---|---|---|---|
| १ | विभिन्न | १५८ | १४५ | १३ |

१५. **लक्ष्य प्रगतिः** गाउँपालिकाले यसवर्ष १५८ योजना संचालन गरेको प्रगति पेश गरेको छ सो मध्ये १४५ वटा उपभोक्ता समिति मार्फत र १३ वटा टेण्डर प्रक्रियाबाट सम्झौता भएको देखिन्छ । गाउँपालिकाले सञ्चालन गरेका योजनाको किसिम, योजना संख्या, उक्त योजनाहरुको लागत अनुमान आर्थिक वर्षभित्र सम्पन्न कामको मूल्याङ्कन स्थिति एवं सम्पन्न अवस्था र चालु अवस्था सम्बन्धी विवरण पेश नगरेकोले योजनागत प्रगति सम्बन्धी विश्लेषण गर्न सकिएन । अतः छनौट भएका योजनाको किसिम, संख्या, लागत अनुमान, सञ्चालित योजना संख्या, सम्झौता रकम, सम्पन्न संख्या, सम्पन्न रकम, सञ्चालन हुन नसकेका योजना र सञ्चालन हुन नसकेका योजनाको बजेट रकम सम्बन्धी विवरण अद्यावधिक गरी योजना सञ्चालन प्रक्रिया पारदर्शी बनाउनु पर्दछ ।

१६. **सेवा प्रवाहः** गाउँपालिकाले यस आर्थिक वर्षमा निम्नअनुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ ।सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनु पर्दछ।

| क.स | विवरण | सख्या | |
|---|---|---|---|
| | | प्राप्त | सम्पन्न |
| १. | जन्म दर्ता | ८४५ | ८४२ |
| २. | मृत्यु दर्ता | १६८ | १६८ |
| ३. | सम्बन्ध बिच्छेद | १० | १० |
| ४. | विवाह दर्ता | २७७ | २७४ |
| ५. | बसाइसराइ दर्ता | ४८ | ४८ |

## संगठन तथा कर्मचारी ब्यवस्थापन

१७. **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर गाउँपालिकाले इन्जिनियर समुहका विभिन्न पदमा २ जना कर्मचारीहरु करारमा राखेको देखिन्छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम गाउँपालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । गाँउपालिकाले माथि उल्लेखित पद सहित इन्जिनियर ओभरसियर तथा अन्य प्राविधिक पदमा करार कर्मचारी राखी बार्षिक रु. १ करोड २० लाख ५३ हजार खर्च लेखेको छ ।

१८. **कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१.१ बमोजिम आफु मातहतका कर्मचारीको लागि एक अवकास कोष तयार गर्ने साथै उक्त ऐन को दफा नं. ९१.२ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकास कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष नियमानुसार अवकास कोष नै तयार नगरी कर्मचारी कल्याण कोषमा रु.५०००००/- एकमुष्ट ट्रान्सफर गरेको कार्य नियमित देखिएन ।

१९. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३

बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको विवरण अनुसार स्वीकृत दरबन्दी र पदपुर्तिको अवस्था निम्नानुसार रहेको छ ।

| विवरण | स्वीकृत दरबन्दी | पदपुर्ती | | | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| | | स्थायी | करार | जम्मा | | |
| गाउँपालिका | ४६ | १६ | ४१ | ५५ | ३० | |
| स्वास्थ | ३४ | २२ | २२ | ४४ | १२ | |
| शिक्षा विद्यालय तर्फ | १६७ | १६७ | २६७ | ४३४ | ० | |
| | २४७ | २०५ | ३३० | ५३३ | ४२ | |

१९.१. गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित स्थायी तर्फ१६ जना र करार तर्फ ४१ जना समेत ५५ पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जिनयर र सब इन्जिनियर पदहरु करारबाट पदपुर्ति भएको देखिन्छ।

१९.२. निजामती सेवा ऐन मा(ख)२०४९ को दफा ७ ,मन्त्रालयआयोग र विभाग तथा ,सचिवालय , उपत्यकाभित्र रहेका कार्यालयमा कार्यरत निजामती कर्मचारीको हकमा निजामती किताबखाना र जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास नगराई तलब खुवाउन नमिल्ने उल्लेख छ तर गाँउपालिकाले तलबी प्रतिवेदन पास नगराई कर्मचारी पारिश्रमिक बापतको खर्च लेखेकाले कार्यालयको शुरु तलब, भत्ता तथा वास्तविक खर्च यकिन गर्न सकिएन।

## कानून निर्माण एवं कार्यान्वयन

२०. **कानून र सञ्चालन स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म १ वटा निर्देशिका, ३७ वटा कार्यविधि, विधयेक ३, ऐन ९, नियमावली ३, कानुन १, आचार संहिता १, प्रस्तावना १ निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । उक्त कानूनहरु प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२१. **न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५ र यो वर्ष थप भएको २ गरी कुल ७ विवाद दर्ता भएकोमा कुनै पनि फछ्यौट भएको देखिएन । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२२. **आन्तरिक लेखापरीक्षणः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस गाउँपालिकाले यस वर्षको सबै आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन ।

| | | |
|---|---|---|
| | तसर्थ कानुनमा तोकिए बमोजिम सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| | **पदाधिकारी सुविधा** | |
| २३. | **सल्लाहकारः** बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले सल्लाहकार राख्न पाउने व्यवस्था छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाउँपालिकाले कानुनी सल्लाहकार नियुक्त गरी रु. २४७९७०/-तलब भत्ता बापत खर्च लेखेको छ। | |
| २४. | **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । गाउँपालिकाले कार्यविधि तयार गरी वितरण नगरी यस वर्ष रु.५८८७४७।- आर्थिक सहायता वितरण गरेका छन् । कार्यविधि बेगर आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २५. | **सवारी साधनः** कार्यालयमा विभिन्न सवारी १६ थान मोटरसाईकल १ टिप्पर १ व्याकक्लोडर १ थान एम्बुलेन्स १ थान किया र १ थान सुजुकी गरी २१ किसिमका र हेभी इक्वीप्मेन्ट मेशिन औजार रहेका छन् । कार्यालयले यो वर्ष कार्यालयतर्फ रु.१८०६८७४।- इन्धन खर्च लेखेको छ । गाउँपालिकाले इन्धन खर्चको मापदण्ड तोकेको भए पनि सवारी साधनगत मासिक इन्धन खपत भएको विवरण तयार गरको देखिन्छ । तर मर्मत सम्भारमा भएको खर्च अभिलेख राखेको पाइएन । त्यस्तै इन्धन खर्चको लगबुक राख्ने गरेको भए पनि रीतपूर्वक नभर्ने, प्रमाणित नभएको र सूचना अद्यावधिक नगर्ने, प्रयोजन नखुलाउने इन्धन खर्च र लगबुकको परीक्षण गरी प्रमाणित गरेको पाइएन । यसबाट पदाधिकारी सुविधा सवारी साधनगत र मर्मत खर्चको विश्लेषण हुने देखिएन । वार्षिक रुपमा सवारी साधनगत इन्धन र मर्मत खर्चको अभिलेख अद्यावधिक गरिनुपर्दछ । | |
| | **अनुदान फिर्ता** | |
| २६. | **सःशर्त अनुदानः** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं. १०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेमा संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएको छ । संघिय श्रोत तर्फको अनुदान रु.७०२११९९.९४ र प्रदेश श्रोत तर्फको अनुदान रु.१४४३५०००.०८ गरी जम्मा रु.२१४५६२००.०२ बाँकी रहेको रकम संघिय तथा प्रदेश संचित कोषमा दाखिला हुनुपर्ने रु. | २१४५६२००.०२ |
| २७. | **जिन्सी व्यवस्थापनः** नगरपालिकाले आर्थिक कार्यविधि ऐन तथा नियमावली छुट्टै तयार गरी लागू गरेको छैन ।प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को परिच्छेद-६मा सरकारी सम्पत्तिको जिम्मा त्यसको लगत संरक्षण र बर बुझारथ सम्बन्धी व्यवस्था र परिच्छेद-९ मा लिलाम बिक्री सम्बन्धी व्यवस्था रहेको छ । गाउँपालिकाले जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा निरीक्षण प्रतिवेदनमा उल्लेख भएका लिलाम गर्नुपर्ने, मिन्हा गर्नुपर्ने, मर्मत गर्नुपर्ने जिन्सी फरफारक गरी मात्र रमाना दिने समानको बर्गीकरण बैज्ञानिक बनाउने लगायतका सुझावहरु कार्यान्वयन गरी जिन्सी व्यवस्थापन प्रभावकारी बनाउनु पर्दछ । | |
| | **कर दस्तुर एवं आन्तरिक आय** | |

२८. **राजस्व संकलन** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउने तथा असुल गर्नसक्ने व्यवस्था रहेको छ । जस अनुसार नगरपालिकाले यस वर्ष विभिन्न शिर्षकमा रु. १९०८९१९१४.३४ आम्दानी गरेको देखिन्छ ।

| शिर्षक | अनुमान | प्राप्ती |
|---|---|---|
| १३१३ सम्पती कर | १०००००००० | ५६१८२०.७३ |
| ११३१४ भुमिकर/मालपोत | ६०००००० | ३४६१७२०.०६ |
| ११३२१ घरवहाल कर | २०००००० | १४८६९४९.५२ |
| ११३२२ वहाल विटौरी कर | ५००००० | ० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ८०६००००० | ५९०८९५४९.६८ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १४०५३००० | १०३६८२३१.९१ |
| ११४७९ अन्य मनोरञ्जन कर | ४०००००० | ० |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५००००० | ० |
| ११६९१ अन्य कर | ६५००००० | ८५६८४२.४ |
| जम्मा कर राजस्व | १२४१५३००० | ७५८२५११४.३ |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | १०००००० | ७७०८१३.६ |
| १४२२१ न्यायिक दस्तूर | १००००० | ० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ५००००० | १५,३०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | १००००० | २९,४०० |
| १४२४१ पार्किङ्ग शुल्क | १०००००० | ० |
| १४२४२ नक्सापास दस्तुर | १०००००० | २४५३९३.७८ |
| १४२४३ सिफारिश दस्तुर | २०००००० | ७१०३०५.४९ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ५००००० | ८,१५० |
| १४२४५ नाता प्रमाणित दस्तुर | २००००० | ३,००० |
| १४२४९ अन्य दस्तुर | ४०००००००० | ९७९८०६६.६८ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५०००००० | २२३५०२५.४५ |
| १४२५४ रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | १००००० | ० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | २००००० | १४५५५७.०३ |
| १४५२९ अन्य राजस्व | २०००००००० | ५६५९८३०.८४ |
| जम्मा गैर कर राजस्व | ७१७००००० | १९६२०८४२.८७ |
| **जम्मा** | **३९१७०६०००** | **१९०८९१९१४.३४** |

२८.१. **व्यवसाय करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२२लाख ३५ हजार कर संकलन गरेकोमा गाउँपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट गाउँपालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ गाउँपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२८.२. **ढुङ्गा बालुवा र गिट्टीको ठेक्काः** यो वर्ष गाँउपालिकाले आफ्नो इलाका भित्रको नदी जन्य ढुङ्गा बालुवा र गिट्टी बिक्री गर्न ६ स्थानमा ठेक्काको लागि बोलपत्रबाट बढाबढको सुचना आह्वान गरी निम्न निर्माण व्यवसायीहरुको छनौट गरेको मध्ये ठेक्का नं १ र २ को क्षेत्र ब्लु ईनर्जी प्रा लि प्रवर्द्धित त्रिशुली जलबिद्युत आयोजना यसै वर्ष देखि निर्माण प्रक्रियामा जाने तयारी गरेको हुदाँ उक्त क्षेत्र र स्वीकृत वातावरणीय प्रभाव मुल्यांकन अनुसार तोकिएको क्षेत्रहरु उक्त आयोजनालाई प्रयोग गर्न दिनु पर्ने कारण सो ठेक्का रद्ध भएकोले बाँकीको विवरण निम्न छन।

| ठेक्का न | स्थान क्षेत्र | निर्माण व्यवसायी | न्यनतम रकम | मु.अ.कर र अग्रिम कर समेत कबोल |
|---|---|---|---|---|
| १४।०७६।७७ | स्याङदी खोलाको विभिन्न स्थान | हाइवे कन्स्ट्रक्सन | १४९१९६०। | १८०३३७५। |
| ५।०७६।७७ | थाङ्ग खोला वन इलाका कार्यालय क्षेत्र | हाइवे कन्स्ट्रक्सन | ९९९७६७। | १२५९५००। |
| ३।०७६।७७ | रिग्दीखोलाको राजमार्गको पुल भन्दा तल माथीको भाग | श्री डि एण्ड बि कन्स्ट्रक्सन | २०६६६५। | ४७६३२०। |
| ६।०७६।७७ | खगेन खगेडी खोला जलाधार खगेडी खोला हरिपुर रेन्जपोष्ट देखि माथी | जोगीमार कन्स्ट्रक्सन एण्ड सप्लायर्सर्स | ७५१७४८१। | ८९०५५५४।६५ |
| | | | जम्मा | १२४४४७४९।६५ |

| | | |
|---|---|---|
| | **(क)** ठेक्का नं १४ ।०७६।७७ स्याङदी खोलाको विभिन्न स्थानहरुको ढुङ्गा गिट्टी र बालुवाका ठेक्का कबोल गर्ने हाइवे कन्स्ट्रक्सनले कबोल गरेको अंक १५७५०००।मा मुल्य अभिबृद्धि कर र अग्रिम कर समेत थप गरी कायम रु १८०३३७५।दाखिला गर्ने गरी २०७६।९।२७ को सम्झौता एक मुष्ठ बुझाएकोमा ५ प्रतिशत छुट दिने व्यवस्था गरे बमोजिम निजले रु१७१३२०५।८० मिति २०७६।९।२७ मा दाखिला गरेको देखियो । सम्झौता अनुसार मुल्य अभिबृद्धि कर तथा अग्रिम कर वापतको रु २२८३७५।समेत सम्वन्धित राजस्व खातामा दाखिला गर्नु पर्नेमा दाखिला गरेको प्रमाण पेश नगरेको रु. | २२८३७५ |
| | **(ख)** ठेक्का न ५।०७६।७७ थाङ्गखोला इलाका वन कार्यालय क्षेत्रको ढुङ्गा गिट्टी र बालुवाका ठेक्का कबोल गर्ने हाइवे कन्स्ट्रक्सनले कबोल गरेको अंक ११०००००।मा मुल्य अभिबृद्धि कर र अग्रिम कर समेत थप गरी रु १२५९५००।दाखिला गर्ने गरी २०७६।९।१० को सम्झौता गरेको छ। गांउपालिको निर्माण व्यवसायीबाट असुल गरेको १३ प्रतिशत मुल्य अभिबृद्ध कर र १.५ प्रतिशत अग्रिम कर वापतको रु १५९५००।समेत सम्बन्धित राजस्व खातामा दाखिला नगरेकोले सो समेत दाखिला गर्नु पर्ने रु | १५९५०० |
| | **(ग)** ठेक्का न ३।०७६।७७ रिग्दीखोलाको राजमार्गको पुल भन्दा तल माथिको भागमा ढुङ्गा गिट्टी र बालुवाका ठेक्का कबोल गर्ने श्री डी एण्ड बि कन्स्ट्रक्सनले कबोल गरेको अंक ४१६०००।मा मुल्य अभिबृद्धि कर र अग्रिम कर समेत थप गरी रु ४७६२००।दाखिला गर्ने गरी २०७६।८।२६ को सम्झौता अनुसार २०७७।२ मसान्त सम्म बहाल रहने उल्लेख गरेको छ । सम्झौता अनुसार निर्माण व्यवसायीले एक मुष्ट रकम सम्झौता गरेकोले त्यसमा ५ प्रतिशतले हुने रु २३८१६।छुट गरी बांकी रु ४५२५०४।मिति २०७६।८।२२मा गांउपालिकाको संचित कोषमा दाखिला गरेको देखियो ।गांउपालिकाले निर्माण व्यवसायीबाट असुल गरेको १३ प्रतिशत मुल्य अभिबृद्ध कर र १.५ प्रतिशत अग्रिम कर वापतको रु ६०३२० । सम्बन्धित राजस्व खातामा दाखिला गर्नु पर्नेमा नगरेको रु | ६०३२० |
| २८.३. | **ढुङ्गा गिट्टी बालुवाको स्पष्ट परिमाण खुलाइ प्रारम्भिक वातावरणीय मुल्यांकन IEE** प्रतिवेदनको आधारमा ठेक्का व्यवस्था हुने भएता पनि ठेक्का प्राप्त गर्ने व्यक्तिले के कति परिमाण प्राकृतिक श्रोतहरु उत्खनन संकलन गरे सो सम्वन्धमा अनुगमन गरी यथार्थ परिमाण खुल्ने विवरण गाउपालिकाले नराखेकोले के कति परिमाण उत्खनन संकलन भयो सो सम्वन्धमा विश्लेषण गर्न सकिएन । | |
| २८.४. | **राजश्व अभिलेखः** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा तथा प्रदेश नं. ३ को आर्थिक ऐन २०७४ को दफा २झ मा वित्तिय विवरण सम्वन्धी आवस्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले यस वर्ष कुल १९०८९१९१४.३४ आन्तरिक आय प्राप्त भएको देखिन्छ । गाउँपालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने हुन आएको राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं २१३ को राजश्व आम्दानी बैंक नगदी किताव | |

| | | |
|---|---|---|
| | तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ । | |
| २८.५. | **राजश्व परामर्श समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा राजस्व सम्बन्धी परामर्शको लागि एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था छ । उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राजस्व सम्वन्धी कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श दिने, राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण गर्ने र अनुमान गर्ने लगायतका कार्यहरु तोकिएको छ । राजस्व परामर्श समितिको बैठक बसे तापनि राजस्वका दर तोक्ने बाहेक अन्य तथ्यगत कार्य भएको देखिएन । अत नियमानुसार कार्य गर्नुपर्दछ । | |
| २८.६. | **सवारी साधन करः** गाउँपालिकाको आर्थिक ऐन २०७५ को दफा ७ मा सवारी साधन कर अनुसुची ६ का दरले कर लगाई सवारी साधन कर असुल गरिने व्यवस्था रहेको छ। गाउँपालिकाले आ.व २०७५/०७६ मा सवारी साधन कर (साना सवारी) शिर्षकमा रकम उठेको पाइएन। अत करको दरलाई वस्तुनिष्ठ बनाइ सवै पक्षलाई करको दायरामा ल्याउन कर सचेतना कार्यक्रम तयार गर्नुपर्दछ । | |
| २८.७. | **बहाल करः** गाउँपालिकाले यो वर्ष घर वहाल कर बापत रु.१४८६९४५।५१ आम्दानी गरेको देखिन्छ । गाउँपालिकाले वडा कार्यालयमा दर्ता भएका व्यवसायीहरूको समेत लगत राखी एकीकृत लगत तयार गरी राजस्व असुल गर्नुपर्नेमा सो बमोजिम सम्पूर्ण बहालमा लगाउने घरधनिहरूबाट कर रकम सङ्कलन हुने संयन्त्र विकास गरेको देखिएन । गाउँपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र कर असुल गरेको छ । करको दायरा वृद्धि गरी राजस्व सङ्कलनलाई बढावा दिन वडा कार्यालयलाई प्रोत्साहन गरी निश्चित प्रतिशत रकम वडा क्षेत्रमा खर्च गर्ने अथवा वडाको सिफारिसमा योजना कार्यक्रममा खर्च गर्ने नीति अवलम्बन गरी राजस्व परिचालन वृद्धि गर्नेतर्फ कदम चाल्नु पर्ने देखिन्छ । | |
| २८.८. | **मनोरन्जन करः** स्थानीय सरकार संचालन ऐन २०७५को दफा ६४ मा सिनेमा भिडियो हल साँस्कतिक प्रर्दशनहल तथा ऐतिहासिक स्थलको प्रवेश शूल्कमा ५ प्रतिशतका दरले मनोरन्जन कर उठाउन पाउने व्यवस्था रहेको छ । गाउँपालिकाले गत आ.व.मा यस शिर्षकमा कुनै पनि रकम असुल गरेको देखिएन । नियमानुसार उक्त कर उठाउनु पर्दछ । | |
| २८.९. | **विज्ञापन करः** गाउँपालकाले गत वर्षको प्रतिवेदन अनुसार रु.१५००००० विज्ञापन कर आम्दानी गरेको देखिन्छ भने यस वर्ष आम्दानी नभएको कार्यालयले जनाएको छ । | |
| २८.१०. | **बक्यौता करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ बमोजिम गाउँपालिकाले कर, शुल्क सङ्कलन गर्ने व्यवस्था छ । यस पालिकामा दर्ता भएका व्यवसायलाई व्यवसाय नविकरणको लागि व्यवसाय कर, घर वहाल कर बुझाउन ताकेता समेत गरेको पाइएन । यस सम्वन्धमा केहि व्यवसायीको व्यवसाय कर गाउँपालिकामा २०७५/०७६ मा राजश्व शाखामा इविलिङ्ग सेवा सुरु भएदेखि कर दाखिला गर्न नआएको जानकारी दिएको छ । अत कार्यालयले छानविन गरी हर्जना सहित कर असुल गर्नु पर्दछ । नविकरण नगरेका व्यवसायीको अभिलेख अद्यावधिक गरी कर रकम यकिन गरी असुल गर्नुपर्दछ । | |
| २८.११. | **मनकामना दर्शन प्रा.लि टिकट बिक्रीको राजश्वः** आ.व.२०७६/०७७ भाद्र १ देखि केबुलकार टिकट बिक्रीबाट प्राप्त हुने रकमको २% मध्ये १/१ प्रतिशत रकम क्रमश ईच्छाकामना तथा शहिद लखन गाउँपालिकाको कार्यालयलाई स्थानीय कर बापत दिने सहमति भएको देखिन्छ। यस सम्बन्धमा यस गापालाई स्थानीय कर बापतको १% राजश्व भाद्र, असोज, कार्तिक, मंसिर र पुष महिनाको गरी कुल रु.२६४२६४८.३ प्राप्त हुन आएको देखिएको छ।आ.व.०७६/७७ बाँकी | |

| | | |
|---|---|---|
| | महिनाको राजश्व हालसम्म पनि प्राप्त भएको नदेखिएकाले सो सम्बन्धमा मनकामना दर्शन प्रा.लि.ले के, कति राजश्व संकलन गर्‍यो सोको विवरण माग गरी बाँकी राजस्व राजश्व खातामा दाखिला गर्न लगाउनु आवश्यक देखिन्छ। | |
| २८.१२. | वडा अनुसार राजश्व संकलनको व्यवस्थाः गाउँपालिको विभिन्न वडाको आम्दानी स्तर एकै प्रकारको नभएकाले प्रत्येक वडाको अवसर र संम्भावित आम्दानीका क्षेत्रको पहिचान वडागत लक्ष्य तोक्ने सो को अनुगमन गर्ने र लक्ष्य हासिल गर्न प्रोत्साहित गर्ने गरी करको दायरा बढाउन पहल गर्नु पर्दछ । | |

| वडा नं | विभिन्न शिर्षकगत कर |
|---|---|
| १ | १२८६६४ |
| २ | ७३९७३.८० |
| ३ | ४४०२४५.४५ |
| ४ | २३०७८९.५५ |
| ५ | ४३६६८३.०१ |
| ६ | २०९१५३ |
| ७ | ३५७७१५ |
| **जम्मा** | १८७७२२४ |

| | | |
|---|---|---|
| | **उपभोक्ता समिति मार्फत कार्य** | |
| २९. | सार्वजनिक खरीद ऐन,२०६३ दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दीगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिए बमोजिमको कार्यबिधि पूरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने तथा सार्वजनिक खरीद नियमावली, २०६४ को निमयम ९७(९) प्राविधिक रूपमा जटिल काम (मेसिन औजार प्रयोग गरी काम गर्नुपर्ने अवस्थाका काम गराउनु हुँदैन भन्ने व्यवस्था रहेको छ । यस गाउँपालिकाले उपभोक्ता समितिबाट गराएको काम मितव्ययी, गुणस्तरीयता वा दीगोपना अभिवृद्धि हुने निश्चित आधार नभएको तथा उपभोक्ताबाट काम हुन सक्ने अबस्था नभएको मेसिन औजार प्रयोग गरी काम गर्नुपर्ने अवस्थाका काम उपभोक्ता समितिसँग सम्झौता गरी काम गराएको देखिन्छ । प्राविधिक क्षमताले नभ्याउने निर्माण कार्य उपभोक्ता समितिबाट गर्ने गराउने कार्य बन्द गर्नुपर्दछ। | |
| ३०. | उपभोक्ता समितिबाट जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्यपूरा नगरेको व्यहोरा देखिएका छन् । भेला भई विधिवत रुपमा गठन नभएको र कुनै पनि निकायमा दर्ता नहुने साथै कतिपय उपभोक्ताबाट भएको कार्यमा योजनाको भुक्तानीमा संलग्न गरिएको अधिकांश बिल भरपाईहरु प्रमाणित नगरिएका, डोर हाजिरी फाराममा विवरण पूर्णरुपमा नभरेको, सही छाप नभएको, समितिले खर्च अनुमोदन गर्ने र सार्वजनिक गर्ने, सामाजिक परीक्षण गराएको प्रमाण पेश नगरेकोमा सुधार गर्नु गराउनुपर्दछ । | |
| ३०.१. | **लागत सहभागिताः** गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ३०.२. | **कार्य सम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग | |

| | | |
|---|---|---|
| | डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको एकिन हुन सक्ने अवस्था देखिएन । | |
| ३०.३. | **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएको केही योजनामा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| ३०.४. | **निर्माण कार्यको अभिलेखः** नयाँ निर्माण वा मर्मत सम्भार गर्दा सो स्थान पहिचानको लागि चेनेज नं. सकेसम्म धेरैले चिन्न र देख्न सक्ने ठाउँ वा वस्तुको नाम उल्लेख गरी अनुगमन मूल्याङ्कन गर्न सहज हुने गरी राख्नुपर्ने देखिन्छ । यस कार्यालयले गरेका अधिकांश सडक माटो वा ग्रावेल स्तरका हुने र पुराना तथा अधुरा काममा पनि थप काम गराउने गरेको देखिन्छ । साविक वर्षहरूमा त्यस्तै काम गर्ने गरेपनि कुन ठाउँमा गरियो पहिचान खुल्ने गरी अभिलेख राखेको देखिएन । यस्तो अवस्थामा एउटै क्षेत्रमा पटक पटक काम हुने, कतै काम गर्न अत्यावश्यक भए पनि छुट हुने र पूर्ण वा आंशिक रूपमा एउटै कामको एकै वर्षमा वा फरक फरक आर्थिक वर्षमा दोहोरो भुक्तानी हुनसक्ने सम्भावना समेत रहन्छ । तसर्थ निर्माण कार्यको अभिलेख एकीकृत गरी आर्थिक वर्ष, स्थान र अन्य आवश्यक विवरण समेत खुल्ने, दोहोरो वा यथार्थ गरेको कामको परिमाण भन्दा बढी भुक्तानी भएको छैन भनी विश्वस्त हुने गरी अभिलेख राख्ने व्यवस्था हुन आवश्यक देखिन्छ । | |
| ३०.५. | **नापी कितावः** निर्माण कार्यको परिमाण र मूल्यको खुलासाको लागि नापी किताबमा अभिलेख राख्नुपर्दछ । नापी किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम र निर्माणसँग सम्बन्धित अन्य खर्च समेत स्पष्ट रूपमा उल्लेख गरी नापजाँच गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने व्यबस्था छ । यसरी तयार गरेको नापी किताब काम तामेल भएको बीस वर्ष पछिमात्र धुल्याउन मिल्ने भनि सरकारी कागजात धुल्याउने नियमावली, २०२७ को अनुसूची ५ को बुँदा नं.३ मा उल्लेख छ । लेखापरीक्षण क्रममा परीक्षण गरिएका सबै ठेक्काको नापी प्रयोजनका लागि, विल अनुसार निर्माणकार्यको परिमाण खुल्ने गरी लुजसिट प्रयोग गरेको देखिन्छ । निर्माण कार्यको नापजाँच र भुक्तानी देखिने गरी योजना/कार्यक्रम अनुसार निर्माण कार्यको हालसम्मको कार्य भएको परिमाण र खर्च देखिने एकीकृत अभिलेख खुल्ने नापी किताबमा अभिलेख चढाई नापी किताव प्रयोगमा ल्याउनु पर्दछ । | |
| | **संघीय पुँजीगत तर्फः** | |
| ३१. | खोप केन्द्र निर्माण वापत गो भौ नं २।२०७६।१०।२० बाट खर्च लेखि चेक काटेकोमा सो चेक नसाटिएको देखिएकोले श्रेस्तामा खर्च देखाएको तर चेक नसाटिएको बैक बाँकी नै देखाएको रकम रु६५५१०।०० संघीय संचित कोष दाखिला गर्नु पर्ने रु | ६५५१० |
| ३२. | **बढी पाईप खरिदः** साना सिँचाई मर्मत संभार कार्यक्रमको लागि ७५ प्रतिशत अनुदान कार्यक्रमको लागि छनौट भएका मध्ये वडा नं २ सुनाखरी कृषक समूहलाई एचडिडिपी पाइप १५०० मिटर खरिद गरी विच्छ्याउने समेतको लागि ६४७८२।५० को लागत अनुमानमा कृषक समूहसंग सम्झौता गरेको छ।कृषक समुहले लगत अनुमान भन्दा बढी हुने गरी २१८० मी पाइप खरिद गरेको रु ५६६५८।२० र डोर हाजिरी रु ८०७० गरी जम्मा ६४७२८।को बिल पेश गरेकोमा सम्झौता अनुसार ७५ प्रतिशतले रु ४८५८६ भुक्तानी भएको छ।सम्पन्न कामको प्राविधिकको मूल्याङ्कन गराउनु पर्नेमा मुल्यांकन विनानै कृषक समूहलाई भूक्तानी दिएकोले | ४८५८६ |

| | | |
|---|---|---|
| | प्राविधिक मुल्याकंन तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. | |
| ३३. | बढी भुक्तानीः साना सिँचाई मर्मत संभार कार्यक्रमको लागि ७५ प्रतिशत अनुदान कार्यक्रमको लागि छनौट भएका कृषक मध्ये विश्वप्रकाश नेपाल क्षेत्रीलाई एचडिडिपी पाइप २० एमएम १० केजीको २००० मिटर र १६ एमएम १० केजीको ८०० मिटर खरिद गरी इन्टेक बनाउने कार्यको लागी रु१०४५०२।को लागत अनुमानमा सम्झौता गरेको छ।कृषकले इन्टेक बनाउने कार्यको लागि आवश्यक पर्ने सिमेन्ट बालुवा जस्ता निर्माण सामाग्री खरीद गरेको छैन पाइप मात्र खरीद गरी रु १०४५०२।००को ७५ प्रतिशत हुने रु ७७३९०।गो भौ नं १७।२०७७।३।३० बाट भुक्तानी गरेको छ।खरिद बिल अनुसार १६ एम एमको ३०० मी पाइपको रु ११५२६। र १६ एम एमको रु २७१२०।०० ले जम्मा रु ३८६४६।मात्रको बिल भएको आधारमा ७५ प्रतिशतले हुने रु२८९८४।५० मात्र भुक्तानी गर्न पर्नेमा रु ४८४०५।५० बढी भुक्तानी भएको रकम असुल गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने रु | ४८४०५ |
| ३४. | साना सिँचाई मर्मत संभार कार्यक्रमको लागि ७५ प्रतिशत अनुदान कार्यक्रमको लागि कृषक।समूह छनौट गर्नुपर्नेमा गो भौ नं १९।२०७७।३।३० मा कार्यालयले नै रु ६४२९२।०० को पाइप तथा सिमेन्ट खरीद गरी इच्छाकामना हार्डवेयरलाइ भुक्तानी दिएको छ। सो सामान ७५ प्रतिशत अनुदानमा कृषकलाइ उपलव्ध गराउँदा २५ प्रतिशत रकम गाउँपालिकालाइ बुझाएपछिमात्र सम्बन्धित कृषकलाइ बुझाउनु पर्नेमा देहायका कृषकलाइ भरपाइ गरी दिएको सामानको २५ प्रतिशतले हुने मुल्य १६०७३।०० असुल गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने रु | १६०७३ |

| सि.नं | कृषकको नाम | सामानको विवरण | रकम | २५ प्रतिशतले हुने रकम |
|---|---|---|---|---|
| १ | सोजन राई | २० एमएम एचडिडीपी पाइप | १२००३ | ३०००।७५ |
| २ | मद्धीका गुरुङ्ग र खडग ब गुरुङ्ग | २०एमएम एचडिडीपी पाइप ओपिसि सिमेन्ट | ५२२८९ | १३०७२।२५ |
| जम्मा | | | | १६०७३।०० |

| | | |
|---|---|---|
| | **सशर्त शिक्षाः** | |
| ३५. | **प्राविधिक भत्ताः** आ व २०७६।७७ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं १ १ ३ ४ मा तोकिएको प्राविधिक धारका विद्यालयमा कार्यरत प्रशिक्षक सहायक प्रशिक्षकलाइ प्राविधिक भत्ता वापत प्रति महिना रु ३०००।०० का दरले दश महिनाको मात्र पाउने भन्ने उल्लेख छ । गाउँपालिका अन्तर्गत १ मात्र प्राविधिकधारको विद्यालय त्रिवेणी बराह मा वि मुग्लिङबजारलाई निकासा भएको प्राविधिक भत्तामा देहायका प्रशिक्षकहरुलाई २ महिना तथा चाडपर्व खर्च वापत ३ महिनाको समेत गरी रु ५४०००।०० बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु | ५४००० |

| सि न | शिक्षकको नाम | प्राविधिक भत्ता मासिक | १० महिनाको रु | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | राकेश झा | ३०००।०० | ३०००० | ३९०००।०० | ९०००।०० |
| २ | दिलिप कुमार यादव | ३०००।०० | ३०००० | ३९०००।०० | ९०००।०० |
| ३ | अजित प्रकाश यादव | ३०००।०० | ३०००० | ३९०००।०० | ९०००।०० |
| ४ | अनिल ब. बोहरा | ३०००।०० | ३०००० | ३९०००।०० | ९०००।०० |
| ५ | सुरेश पटेल | ३०००।०० | ३०००० | ३९०००।०० | ९०००।०० |
| ६ | जिमिकुमार साह | ३०००।०० | ३०००० | ३९०००।०० | ९०००।०० |
| जम्मा | | | | | ५४०००।० |

| | | |
|---|---|---|
| ३६. | आ व २०७६।७७ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.१३.८ मा प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामग्री उपलव्ध गराउँदा विद्यार्थी संख्या बढी देखाएको सवशान्ती मा वि ७ जना को रु १०५०। र प्रा वि आधामाराको ७ जनाको रु १४००।०० गरी जम्मा २४५०।०० बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु | २४५० |

३७. **दिवा खाजाः** आ व २०७६।७७ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.११.१ मा तोकिएको जिल्ला तथा लक्षित समुहका विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम प्राप्त भएका स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्दा विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी १५।का दरले १८० दिनका लागि विद्यालयको खातामा अनुदान निकासा दिने । विद्यालय सञ्चालन भएको दिनलाइ मात्र आधार मानेर अनुदान दिने व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ।गाउँपालिकाले गो भौ नं ६४।०७७।३।१२ बाट ५१ विद्यालय लाई बाल विकास कक्षा देखि ५ कक्षासम्मका विद्यार्थीको लागि रु ६०४७९९४।५२ सम्वन्धित विद्यालयको खातामा जम्मा गरेको छ । विद्यालयको शैक्षिक सत्र बैशाख देखि चैत्र हुने हुदा आषाढको अन्त्यमा रकम निकासा भएको हुँदा सम्वन्धित विद्यार्थीले पाए नपाएको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

३८. **छात्रवृत्तिः** आ व २०७६।७७ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं ७.२.१.१ को ४.२ मा EMIS मा प्रविष्ट तथ्याकलाइ सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापान गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई गैर अवासीय छात्रवृत्ति रकम अनुदान दिने भन्ने व्यवस्था छ । सिमान्तकृत छात्रवृत्ति, दलित छात्रवृत्ति (छात्रा र छात्र)बाट छात्रवृत्ति निकासा भइ सकेपछि पुन सोही दलित छात्रातर्फको छात्रा छात्रवृत्तिको लागि देहायको विद्यालयमा निकासा दिएको देखिएकोले दोहोरो निकासा भएको रकम रु असुल हुनुपर्ने रु १४८०००

| छात्रा संख्या | दलित तथा सिमान्तकृत | | निकासा हुनुपर्ने | | | निकासा भएको | बढी रकम |
|---|---|---|---|---|---|---|---|
| कक्षा १-८ | छात्रा | छात्र | छात्रा छात्रवृत्ती | दलित तथा सिमान्तकृत | जम्मा रु | रकम | |
| २३०५ | १०६ | १०१ | २१९९ | १०१ | ९२२००० | १०७०००० | १४८००० |
| | | | | | | | |

## गाउँपालिका पुँजिगत तर्फ

३९. **निर्माण ब्यवसायीबाट काम गराएकोः** सार्वजनिक खरिद नियमावली २०६४ नियम ९७ को उप नियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण ब्यवसायी वा सव कन्ट्र्याक्टरबाट गराउन सकिने छैन भनी उल्लेख गरेकोमा निम्न उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण काम गर्न गाँउपालिकासंग सम्झौता गरी नियम विपरित निर्माण ब्यवसायीबाट उक्त निर्माण काम गराई समितिले सम्झौता बमोजिमको रकम भुक्तानी लिने गरेको देखियो । उपभोक्ताले निर्माण व्यवसायीबाट काम नगराएको तर निर्माण व्यवासायीको मेसिन भाडामा लिइ आफै सडकको निर्माणको काम गरेको भनि गाउँपालिकाले जानकारी दिएको छ । उपभोक्ता समितिले आफै गर्न नसकिने काम गाउपालिकाबाट नै नियममा व्यवस्था भएको कार्यबिधि अपनाइ गराउनु पर्दछ ।

| भौ न मिति | कामको विवरण | सम्झौता रकम | सम्पन्न रकम | निर्माण व्यवसायी | विल रकम |
|---|---|---|---|---|---|
| १२।०७६।९।१४ | फोक्सिङ्ग साठिमुरे स्कुल पानडाँडा ट्र्याक निर्माण | २८३९०१५। | २८२९०१५ | मेट्रो कस्ट्रक्सन | २५६९६७४। |
| ९६।०७७।१।१५ | भोर्ले उपरदाङगढी मोटर बाटो | ३४५४३२३ | ३३६८०३२ | अमला चुली नि से | ३२८९९४० |
| ५१।०७६।१०।२२ | खोल्माटार तिपाङ्ग मोटर बाटो | १७२५१३३ | १०२४८०१ | माडी विल्डीङ्ग क. | १०८४१९३। |
| १००।०७७।१।१७ | मग्लिङ्ग तामिन नयाँ बाटो ट्र्याक निर्माण | २०९९८२६ | २१२२२८४ | मनकामना कन्स्ट्रक्सन एण्ड मल्टिपर्पौज | २१३२२७४। |
| १४७।०७७।२।२३ | बङग्याङ्ग थापाङ्ग मोटर बाटो | २३००००० | २२१३०९५ | अमला चुली नि से | २१४८४३८। |
| २६३।०७७।३।३० | मेत्राङ्ग कोर चराङ्ग मोटर बाटो | १८०००००। | २२४८०७८ | अमला चुली नि से | १५०००००। |
| २८८।०७७।३।३१ | सौर्य सडक बत्ति | १६६६८७६। | १६६६८७५ | त्रिमुर्ति इनर्जि प्रा लि | १६६६८७५। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | वडा नं ३ फिस्लिङ्ग | | | | | |
| | | | | | | |

४०. **प्रमाण पेश नभएको:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा खर्च गर्दा खर्चको बिल भरपाइ सहितको लेखा राख्नु पर्ने भनी उल्लेख गरेकोमा उपभोक्ता समितिले निर्माण काम सम्पन्न गरेको निम्न कामको मुल्याकंन अनुसार भुक्तानी गरेकोमा उपभोक्ता समितिसंग भएको सम्झौता,प्राविधिक बिल र मुल्याकंन गरेको नापी किताव पेश नभएकोले खर्च एकिन नभएको रु **९२१७८३**

| भौ न मिति | निर्माण व्यवसायी/ उपभोक्ता समिति | योजनाको नाम | भुक्तानी रकम | भएको व्यहोरा |
|---|---|---|---|---|
| १२०।०७७।२।१६ | फिसलिङ्ग तरकारी संकलन केन्द्र उ स | फिसलिङ्ग तरकारी संकलन केन्द्र | ४६१६२४४ | सम्झौता, प्राविधिक बिल र मुल्याकंन गरेको नापी किताव |
| ८१।०७७।१२।३ | हाइवे कन्स्ट्रक्सन | हात्तीवाङ्गमा बाटो निर्माण | ४६०१५८९ | तुलनात्मक विवरण, मुल्याकंन समितिको सिफारी तथा ठेक्का स्वीकृत गरेको प्रमाण नभएको |

४१. **बढी भुक्तानी:**_माझखर्क हुस्ती मोटर बाटो निर्माणको उपभोक्ता समितिसंग रु १८२७१८४।मा सम्झौता गरी प्राविधिक मुल्याकंनबाट कायम रु १८२७१८४।९३ मा जनसहभागिताको अशं कट्टागरी भौ न ८८।०७६।१२।४ बाट रु १५०००००। खर्च गरेकोमा प्राविधिक मुल्याकंन नापी किताबमा माटो कटिङ्ग परिमाण १०३९७.६३ घ मी मध्ये मेसिनको प्रयोगबाट साधारण माटो ४१६२.८० घ मी उल्लेख गरेको छ।उपभोक्तालाई भुक्तानी दिने बिलमा मेसिनको प्रयोग गरी साधारण माटो कटिङ्ग ४४२८.५१ घ मी को भुक्तानी गरेकोले नापी भन्दा २६५.७१ घ मी बढीको रु ७५।ले मुल्य अभिबृद्धि कर समेत रु २२५१८।बढी भुक्तानी भएको असुल गर्नु पर्ने रु **२२५१८**

४१.१. **जनसहभागिताको अंशः** आधामारा टैबुङ्ग मोटर बाटो निर्माण उपभोक्ता समितिसंग रु ४६०१९५६।८४ को लागत अनुमानमा १३.०८ प्रतिशत रु.६०१९५६।४४ जनसहभागिता व्यहोर्ने गरी सम्झौता गरेकोमा प्राविधक मुल्याकंन अनुसार रु ४५७६७५०।बराबरको सम्पन्न कामको जनसहभागिताको अंश रु ५९८६३८।कट्टा गर्नु पर्नेमा रु ५७६७५०।मात्र कट्टा गरी भौ न ९०।०७६।१२।४ बाट रु ४००००००।खर्च गरेकोले नपुग जनसहभागिताको रु २२०८८। असुल गर्नु पर्ने रु **२२०८८**

४१.२. **बढी भुक्तानीः** योजनाको सम्पन्न कामको प्राविधिक मुल्याकंनमा जम्मा माटो कटिङ्ग २८४१३.२० घ मी भएकोमा उपभोक्ता समितिलाई भुक्तानी गरेको बिलमा विभिन्न किसिमको माटो कटिङ्ग २८५१०.३८ घ मी को भुक्तानी गरेकोले ९७.१८ घ मी को रु ८४।७५ले उपभोक्ता समितिलाई बढी भुक्तानी गरेको रु ८२३६। असुल गर्नु पर्ने रु **८२३६**

४२. **बिल भरपाईः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा खर्च गर्दा खर्चको बिल भरपाइ सहितको लेखा राख्नु पर्ने भनी उल्लेख गरेकोमा शक्तिशिव कन्स्ट्रक्सन चितवनले सिमलढाप सिकारीकुना तटबन्धन निर्माणको अन्तिम बिलको भौ नं १०३।०७७।१।१८ बाट रु १४९९५६६। खर्च गरेकोमा निर्माण व्यवसायीले ल्याब टेष्ट गरेको विल भरपाई तथा प्रमाण बेगर ल्याब वापतको रु १००००। भुक्तानी गरेकोले र बीमा गरेकोमा रु ८३७१।१५ बिल राखी रु १००००।भुक्तानी गरेकोले बिल भन्दा बढी निर्माण व्यवसायीलाइ भुक्तानी गरेको रु १६२८।८५ समेत असुल गर्नु पर्ने रु **११६२८**

४३. **भालुमारा सिंचाईः** वडा नं ७ मा भालुमारा सिंचाई निर्माणको लागि शाश्वत कन्स्ट्रक्सन मकवानपुसंग भएको सम्झौता अनुसार निम्नानुसार भुक्तानी गरेकोमा निम्न व्यहोरा देखियो।

| भौ न मिति | निर्माण व्यवसायी | रनिङ्ग बिल संख्या | भुक्तानि रकम |
|---|---|---|---|
| १०५।०७७।१।२९ | शाश्वत कन्स्ट्रक्सन | पहिलो | ३५०००००। |
| १९५।०७७।३।१६ | शाश्वत कन्स्ट्रक्सन | दोस्रो | २६४८८५३। |

| | | | |
|---|---|---|---|
| | <table><tr><td>२७३।०७७।३।३०</td><td>शाश्वत कन्स्ट्रक्सन</td><td>अन्तिम</td><td>१४५२२३८।</td></tr><tr><td></td><td></td><td>**जम्मा**</td><td>७६०१०९१।</td></tr></table> | | |
| ४३.१. | **पेश्की फछ्र्यौटः** निर्माण व्यवसायीले गत वर्ष लिएको पेश्की रु १५०००००।पेश्की जिम्मेवारी सारेर पेश्की फछ्र्यौट गर्नु पर्नेमा नगरपालिकाले जिम्मेवारी सारेको तथा फछ्र्यौट गरेको प्रमाण वेगर निर्माण व्यवसायीलाई भुक्तानी हुने रकममा पेश्की घटाइ भुक्तानी गरेको छ। | | |
| ४३.२. | **बढी भुक्तानीः** निर्माण व्यवसायीको पहिलो रनिङ्ग बिलको नापी मुल्याकंनमा फाउण्डेसनको लागि जग खन्ने काम २८८.६७ घ मी मात्र भएकोमा भुक्तानीको ठेक्का बिलमा ६६१.३० घ मी कायम गरी प्रति घ मी रु २००।ले हुने रु१३२२६०।भुक्तानी गरेकोले नापी किताबमा उल्लेख भएको ३७२.६३ घ मि बढी परीमाण उल्लेख गरी ८४२१४।३८ बढी भुक्तानी भएको निर्माण व्यवसायीबाट असुल गर्नु पर्ने रु | | **८४२१४.३८** |
| ४३.३. | **धरौटी कट्टाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उप नियम ४ रनिङ्ग बिलको भुक्तानीमा ५ प्रतिशत रिटेन्सन मनी वापत रकम कट्टा गर्नु पर्ने उल्लेख गरेकोमा निर्माण व्यवसायीलाइ दास्रो रनिङ्ग बिलको रु२६४८८२३।३२ भुक्तानी गर्दा भुक्तानी रकमको ५ प्रतिशतले हुने रु११७२०४।धरौटी कट्टा गर्न पर्नेमा कट्टा नगरी पुरै रकम निर्माण व्यवसायीलाई भुक्तानी गरेकोले गाउपालिकाले नियम अनुसरण गरेको देखिएन । | | |
| ४३.४. | **बढी भुक्तानीः** निर्माण व्यवसायीको अन्तिम बिलसम्म जम्मा काम भएको रु ७५६३८२५।६३ मा अघिल्लो बिल सम्मको भुक्तानी भएको रु६१६०१०२।६१ कट्टा गरी अन्तिम बिलको रु १४०३७२३।०२ मात्र भुक्तानी गर्नु पर्नेमा रु १४५२२३८।भुक्तानी गरेकोले रु४८५१४।९८ बढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु | | **४८५१४.९८** |
| ४३.५. | **कार्य सम्पन्नः** सम्झौता अनुसार निर्माण व्यवसायीले सिंचाइ निर्माण काम ०७६।१२।३० भित्र सम्पन्न गर्नु पर्नेमा सम्झौतामा तोकिएको अवधि भित्र कार्य सम्पन्न गरेका होइन भनी एकिन गर्न ठेक्का बिल तथा सम्पन्न प्रतिवेदनमा काम शुरु तथा सम्पन्न मिति उल्लेख गर्ने पर्नेमा गरेको छैन र निर्माण व्यवसायीले २०७७।३।२३ मा भुक्तानी माग गरेको आधारमा तोकिएको समयमा नै कार्य सम्पन्न भएको भन्न सकिने आधार देखिएन। | | |
| ४३.६. | **भेरीएसनः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सकिने व्यवस्था गरेको छ। सम्झौता अनुसार मु अ कर समेत रु ८७८३७३०।७२मा कार्य सम्पन्न गर्ने उल्लेख गरेकोमा निर्माण व्यवसायीले पेश गरेको अन्तिम बिलमा रु ७५६३८२५।६३ बराबरको कार्य सम्पन्न भएको देखियो । सम्झौता रकमको ८६.११ प्रतिशत मात्र कार्य सम्पन्न भएकोले नियम अनुसार घटी काम भएको प्राविधिक कारण सहित भेरिएसन आदेश स्वीकृत गराउनु पर्नेमा नगराइ ठेक्का सम्पन्न गरेको नियम सम्मत देखिएन । | | |
| ४३.७. | **ठेक्का फाइलः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा खर्च गर्दा खर्चको बिल भरपाइ सहितको लेखा राखु पर्ने भनि उल्लेख गरेकोमा यस योजनाको स्वीकृत लागत अनुमान तथा निर्माण कामको लागि निर्माण व्यवसायी शाश्वत कन्स्ट्रक्सन मकवानपुरलाई छनौट प्रक्रिया अध्ययन गर्न ठेक्का फाइल लेखापरिक्षणको बेला पेश भएन । | | |
| ४४. | **मू.अ.कर बढी भुक्तानीः** लाटीखोला ओरेक सडक स्तरोन्नतीको काम उपभोक्ता समितिले सम्पन्न गरी प्राविधिक मुल्याकंनबाट रु ५९२८७९।मा जनसहभागीताको अंश रु १२६०६६।८३ कट्टा गरी भौ नं १९७।०७७।३।१७ बाट रु ४६५८१३।भुक्तानी गरेको छ । उपभोक्ता समितिसंग गरेको सम्झौतामा माटो कटिङ्गको काम मेसिनको दरमा मुल्य १३ प्रतिशत अभिबृद्धि कर थप गरेको छ । समितिबाट संयोग निर्माण सेवा धादिङ्गको रु५१६११ मु अ कर समेतको | | ६७०८.६२ |

| | | |
|---|---|---|
| | ४४८५३६।को बिजक बिल राखी गाउपालिकाले समितिलाइ रु५०६८४५।२१ मा १३ प्रतिशत मु अ कर थप गरी रु ५८३०९।६ भुक्तानी गरेकोले उपभोक्ता समितिले पेश गरेको भन्दा बढी मु अ कर बढी भुक्तानी भएको रु ६७०८।६२ असुल गर्नु पर्ने रु | |
| ४५. | **बढी भूक्तानीः** सिमलढाप बोरिङ्ग खानेपानी योजनाको काम सम्पन्न गरेको प्राविधिक मुल्यांकन अनुसार जनसहभागिताको अंश कट्टा गरी भौ नं २२३।०७७।३।२४ बाट रु ६९९८९१। भुक्तानी गरेको देखियो। योजनाको काम मध्ये ३ फेज२५ एच पि सम्मरसिवल पम्प एक थानको रु ३२३०००। भुक्तानी गरेको छ । उक्त सामान खरिद गर्न समितिले ३ कोटेशन लिएकोमा जोशी सप्लायर्सले ०७७।३।७ को कोटेसनमा मु अ कर समेत रु २५५०००।मात्र कबोल गरेकोले कबोल दर भन्दा रु ६८०००।बढी भुक्तानी गरेको छ। त्यस्तै ११०० मिटर पाइप जडानको लागी खन्नेपुर्ने १७३.२५ घ मी को प्रति रु ९४९।८७ ले रु १६४५६४।२८ उपभोक्ता समितिलाई भुक्तानी गरेकोमा उपलब्ध दर विश्लेषणमा खन्ने ४८६।६८ र पुर्ने १६८।७५ को दरले रु ११३५५३।२४ मात्र भुक्तानी गर्नु पर्नेमा रु ५१०११।बढी भुक्तानी भएको समेत रु११९०११। असुल गर्नु पर्ने रु | ११९०११ |
| ४६. | **नापी किताबः** झाङ्गझाङ्ग बोरिङ्ग सिंचाइ योजना सम्पन्न गरेको प्राविधिक मुल्यांकन अनुसार जनसहभागिताको अंश कट्टा गरी भौ नं २२९।०७७।३।२५ बाट रु ७०००००।उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । समितिले यो वर्ष बोरिङ्ग निर्माण गरेको देखिएन तर बोरिङ्ग कार्यको लागि आवश्यक सामाग्रि मात्र खरिद गरेकोले योजनामा बोरिङ्ग कार्य कहिले सम्पन्न गरियो उक्त बोरङ्गमा कुन कुन सामाग्रीहरुको प्रयोग भइसकेको छ भनि पहिला भएको नापी किताब तथा अभिलेख पेश नभएकोले यस वर्ष सामान खरिद मात्र गरेको खर्च एकिन गर्न सकिएन । | ७००००० |
| ४७. | **बढी भुक्तानीः** लामिडाँडा सामुदायिक उपस्वास्थ्य चौकी वडा नं ४ मा भवन निर्माणको उपभोक्ता समितिले कार्य सम्पन्न गरेको प्राविधिक मुल्यांकन अनुसार उपभोक्तालाइ जनसहभागिताको अशं कट्टा गरी भौ नं २५२।०७७।३।२८ बाट रु १००००००।भुक्तानी गरेको छ।नापी किताब अनुसार फर्मवर्क रुम कोलम ५२.८० व मी र बेस बिम १८ व मि समेत जम्मा ७०.८० व मि को प्रति रु १९३१।१२ को दरले रु१३६७२३।२९ भुक्तानी गरेको छ । गाँउपालिकाको स्वीकृत दर विश्लेषण अनुसार रुम कोलममा रु ९८९।७५ र बिमको लागी रु १०३८।दर कायम भएकोले स्वीकृत दर भन्दा बढी दरबाट भुक्तानी गरेको रु ६५७६७।७१ असुल गर्नु पर्ने रु | ६५७६७.७ |
| ४८. | **बढी भुक्तानीः** कुरिनटार चोक देखि नयाँ बस्ती बेस क्याम्प सम्म नाला निर्माणको उपभोक्ता समितिलाई जनसहभागिताको अंश कट्टा गरी भौ नं. २८९।०७७।३।३१ बाट रु १५०००००। भुक्तानी गरेकोमा नाला निर्माणमा पि सि सि १:२:६ मा बेड लेभल १७.२१ घ मि को रु १२९८९।३१ दरले रु २२३५४६। भुक्तानी गरेको छ । गाँउपालिकाको दर विश्लेषणमा उक्त काम १:२:४ अनुपातमा मात्र गर्न रु १०७५३।२६ दर विश्लेषण गरेकोले गाउपालिकाले स्वीकृत नगरेको पि सि सि १:२:६ को दर कायम गरेको आधार तथा प्रमाण पेश भएन। त्यस्तै फर्म वर्कको काम ३६५.५० व मी को लागि ११३४।७४ ले रु ४१४७४७।४७ भुक्तानी गरेको छ। गाँउपालिकाको दर बिश्लेषणमा उक्त कामको लागि ९८९।७५ मात्र कायम गरेकोले स्वीकृत दर भन्दा बढी दरमा भुक्तानि भएको रु ५२८४८।८५असुल गर्नु पर्ने रु | ५२८४८.८ |

| | | |
|---|---|---|
| ४९. | **गाँउपालिकाको भवनः** गाँउपालिका भवन निर्माणको लागि रु ६२३३११४। (मु अ कर बाहेक)मा ०७६।९।१५ भित्र निर्माण सम्पन्न गर्ने गरि २०७६।३।३० मा गौरब कन्स्ट्रक्सन काठमाडौंसंग रु.७०४३४१९.३१ मा ठेक्का सम्झौता भएकोमा कार्यको मूल्याङ्कन रु.७०१६४०२.२० गरेकोमा कार्यालयले रु.५७६९७७४.०० भुक्तानी गरेको छ । सम्झौता बमोजिम निर्माण व्यवसायीले कहिले निर्माण काम सम्पन्न गर्यो र हाल सम्म कति भुक्तानी भयो र निर्माण व्यवसायी गौरब निर्माण सेवाको छनौट प्रक्रिया सम्बन्धि ठेक्का फाइल, स्वीकृत लागत अनुमान, नापजांच गरेको नापी किताब र सम्पन्न प्रतिवेदन लेखापरीक्षणमा उपलब्ध नभएकोले खर्च एकिन गर्न सकिएन । | ५७६९७७४ |

| भौ न मिति | बिलको अवस्था | भुक्तानी रकम | भएको व्यहोरा |
|---|---|---|---|
| ३४।०७६।१०।७ | बिल ४०८९८३५।मध्ये | ३१०००००। | |
| १८७।०७७।३।१२ | | १५५९९३३। | |
| १३।०७७।३।३१ जिसस साझेदारी बजेट | | ११०९८४१। | |
| | जम्मा | ५७६९७७४। | |

| | | |
|---|---|---|
| ५०. | **पूर्व निर्धारित क्षतिपूर्तिः** कुरिनटार देखि बेसक्याम्प सम्म पिच नाला निर्माण गरेको निर्माण व्यवसायी जलेश्वर निर्माण सेवा धादिङ्गको अन्तिम बिलको जम्मा काम सम्पन्न रु २४२४८९४।मध्ये अघिल्लो बिलको रु १३१३७५९।३४ कट्टा गरि भौ नं ७३।०७६।११।१९ बाट रु१०९२२२०।भुक्तानी गरेको छ। निर्माण व्यवसायीले २०७६।३।२५ मा सम्पन्न गर्ने गरी ०७६।१।३० मा सम्झौता भएकोमा निर्माण व्यवसायीले कहिले काम सम्पन्न गर्यो ठेक्का बिल तथा सम्पन्न प्रतिवेदनमा उल्लेख गरेको छैन।निर्माण व्यवसायीले थप म्याद माग गरेकोमा पत्रमा म्याद थप गर्नु पर्नाको कारण , माग गरेको अवधि र पत्रमा मिति समेत उल्लेख गरेको छैन। गाँउपालिकाले उक्त निवेदन दर्ता समेत गरेको देखिएन । निर्माण व्यवसायीले ०७६।६।५ ले कार्य सम्पन्न गरेको भनी उल्लेख गरेकोले तर गाउपालिकाबाट म्याद थप नभएकोले सम्झौता अवधि भन्दा ७४ दिनको ढिला कार्य सम्पन्न भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ बमोजिम सम्झौता २१४५९२३।को ०.०५ ले हुने रु ७९३९९।पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नु पर्ने रु | **७९३३९** |
| ५१. | **बीमा अवधि नपुगः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा निर्माण कामको बीमा गराउनु पर्ने र उक्त बीमाको अवधि निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्मको हुनु पर्ने व्यवस्था भएकोमा निर्माण व्यवसायीले सम्झौता अवधि भन्दा कम अवधिको बीमा गरेको प्रमाण राखी बीमा शुल्कमा मुल्य अभिबृद्धि कर समेत भुक्तानी लिएको देखियो ।कम अवधिको बीमाले निर्माण कार्यको जोखिमलाई कभरेज नगर्ने हुदा उक्त बीमा रकम असुल गर्नु पर्ने रु | **२९९६८.७४** |

| भौ न मिति | निर्माण व्यवसायील | योजनाको नाम | सम्झौता अवधी | बीमा अवधि | बीमा रकम भुक्तानी |
|---|---|---|---|---|---|
| २७४।०७७।३।३१ | विल डि एण्ड वि कन्स्ट्रक्सनसंग | अमृत चोक देखि स्याङदी सम्म कालोपत्रेको | २०७७।९ मसान्त | २६ अप्रिल २०२० देखि २९जुन २०२० (२०७७।३।१३) | १०६१९।७४ |
| २७८।०७७।३।३१ | हाइवे कन्स्ट्रक्सन नुवाकोट | गर्दास थांगखोला कालोपत्रे | २०७७।९ मसान्त | २०।२।२०२० देखि १९।०८।२०२० (२०७७।५।३) | ९९९४। |

| | | | | | |
|---|---|---|---|---|---|
| २७७।०७७।३।३१ | हाइवे कन्स्ट्रक्सन नुवाकोट | भालुमारा टंकी टोल कालोपत्रे | २०७७।९ मसान्त | २०।२।२०२० देखि १९।०८।२०२० (२०७७।५।३) | ९३५५। |

५२. **कर रकम नपुगः** नगरपालिकाले विभिन्न निर्माण कामको निर्माण व्यवसायीलाई बिल अनुसार भुक्तानी गर्दा ऐन नियममा उल्लेख दरमा अग्रीम कर, मुल्य अभिबृद्धिकर र धरौटी रकम कट्टा गरी सम्वन्धित खातामा दाखिला गर्नु पर्नेमा निम्नानुसार घटी कर कट्टा गरेकोले नपुग रकम निर्माण व्यवसायीबाट असुल गरी दाखिला गर्नु पर्ने रु **३५१३७**

| भौ न मिति | निर्माण व्यवसायीको नाम | योजनाको नाम/ बिल रकम | करका शिर्षक | कट्टा गर्नु पर्ने | कट्टा रकम | नपुग रकम |
|---|---|---|---|---|---|---|
| २७५।०७७।३।३१ | अन्जना निर्माण सेवा | भालुमारा थांग खोला कलो पत्रे रु ७२३७२७। | अग्रिम कर | ९६०७ | ७९१६ | १६९१ |
| | | | ६.५ मु अ कर | १९२१४ | १५३७१ | ३८४३ |
| | | | धरौटी | ३२०२३ | २५६१८ | ६४०५ |
| | | | | | **जम्मा** | **११९३९** |
| २७८।०७७।३।३१ | हाइवे कन्स्ट्रक्सन नुवाकोट | गर्दास थांगखोला कालोपत्रे रु१००८३२१ | अग्रिम कर | १३३८४ | १०७०८ | २६७६ |
| | | | ६.५ मु अ कर | ५८००० | ४६४०१ | ११५९९ |
| | | | धरौटी | ४४६१६ | ३५६९३ | ८९२३ |
| | | | | | **जम्मा** | **२३१९८** |

५३. **बिल नभएकोः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा खर्च गर्दा खर्चको बिल भरपाइ सहितको लेखा राख्नु पर्ने भनी उल्लेख गरेकोमा निर्माण व्यवसायीसंग भएको सम्झौता अनुसार कबोल गरेको बी ओ क्यूमा बीमा र ल्याब टेष्टको लागी रकम व्यवस्था गरेको छ । निर्माण व्यवसायीको पहिलो रनिङ्गमा मुल्य अभिबृद्धिकर समेत थप गरी बीमा र ल्याब टेष्टको रकम भुक्तानी गरेकोमा निर्माण व्यवसायीले बीमा तथा ल्याव टेष्ट गराएको बिल पेश नगरेकोले बिल बेगर भुक्तानी गरेको रकम असुल गर्नु पर्ने रु ३४१२१०

| भौ न मिति | निर्माण व्यवसायी | योजनाको नाम | विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| २७५।०७७।३।३१ | अन्जना निर्माण सेवा | भालुमारा थांग खोला कलो पत्रे | बीमा<br>ल्याव टेष्ट | २८२५०<br>३३९०० |
| २७८।०७७।३।३१ | हाइवे कन्स्ट्रक्सन नुवाकोट | गर्दास थांगखोला कालोपत्रे | बीमा २८२५०।मा रु२३०१४।को बिल भएको | ५२३५।१५ |
| | | | ल्याव टेष्ट | ३३९००। |
| २७४।०७७।३।३१ | विल डि एण्ड वि कन्स्ट्रक्सनसंग | अमृत चोक देखि स्याङदी सम्म कालोपत्रे | बीमा २८२५० मा रु१०६१९।७४ को बिल भएको | १७६३० |
| | | | ल्याव टेष्ट | ३३९००। |
| २७७।०७७।३।३१ | हाइवे कन्स्ट्रक्सन नुवाकोट | भालुमारा टंकी टोल कालोपत्रे | बीमा २८२५० मा रु९३५५ को बिल भएको | १८८९५। |
| | | | ल्याव टेष्ट | १६९५० |
| ३४।०७६।१०।७ | गौरब निर्माण सेवा काठमाडौं | गाँउपालिका भवन | बीमा | ११३००० |
| | | | ल्याव टेष्ट | ३९५५० |

५४. **इच्छाकामना मन्दिर निर्माण** गर्न रु ८६२४८२१।को लागत अनुमानमा उपभोक्ता समितिले पेश गरेको पहिलो रनिङ्ग बिल भौ नं २८१।०७७।३।३१ बाट रु १०८८६१८। भुक्तानी गरेकोमा उक्त मन्दिर निर्माणको बिस्तृत लागत अनुमान तथा उपभोक्ता समितिसंग भएको सम्झौता उपलब्ध नभएकोले समितिलाई भुक्तानी भएको पहिलो रनिङ्ग बिलको खर्च एकिन गर्न सकिएन ।

५५. **बिल भरपाइः** लामो झरना पर्यटन विकास समिति वडा नं ६ जलबीरे चितवनलाई २०७५।०७६ मा शुल्क उठाए वापतको पारिरश्रमिक तथा मसलन्द भुक्तानी दिन बाँकी रु

३४०५९६। र घरभाडा रु ३६०००।र सरसफाइ रु३६०००।समेत जम्मा रु ४०२५९६। भुक्तानी गरेकोमा स्रेस्ता साथ संलग्न बिल भरपाइ जोडजम्माबाट रु ३६६४३१।मात्र देखिएकोले बिल भन्दा बढी भुक्तानी गरेको रु ३६१६५।असुल गर्नु पर्ने देखियो ।सो खर्च मध्ये १ जनालाई टिकट काट्ने काम गरेको मासिक १२०००।, सरसफाइ कार्यमा सहयोगीलाई मासिक रु:१२०००।, अफिस भाडा मासिक रु २०००। र कार्यसंचालन वापत मासिक रु ८०००। दिने निर्णय भएको नदेखिएकोले खर्च भुक्तानी गरेको स्पष्ट नभएको समेत रु. ३६१६५

५६. **परामर्श सेवाः** सार्वजनिक खरिद ऐन २०६३ तथा नियामावली २०६४ मा सार्वजनिक निकायले आफ्नो जनशक्तिले नभ्याउने काम मात्र परामर्श सेवा लिन सकिने व्यवस्था गरेको छ ।गाँउपालिकाले देहाय अनुसार योजनाको सम्भाव्यता अध्ययन लगायतका कार्यका लागि परामर्श सेवा लिएको देखिन्छ । उपरोक्त सम्वन्धमा देखिएका व्यहोरा निम्न छन् ।

| भौ न मिति | विवरण | परामर्शदाता | भुक्तानी रकम |
|---|---|---|---|
| २०९।०७७।३।२१ | इच्छाकामना मन्दिर | एन्जल्स इन्जिनियरिङ्ग | ५२२५७५ |
| २१४।०७७।३।२२ | आधारभुत स्वास्थ्य चौकी १ २ ३ वडा | ट्रेङ्गल कन्सुल्टीङ्ग | ११८६५०० |
| २६०।०७७।३।३० | वडा ६ र ७ भवन | ब्रेकेमेन इन्जिनियरिङ्ग रिसर्च सेन्टर | ७७२९२०। |
| २६१।०७७।३।३० | गाँउपालिकाको भवन ४०% गत र ६०% भुक्तानी | न्यू प्लानेट इन्जिनिरिङ्ग सर्भिस प्रा लि | ६७४३३८। |
| २६४।०७७।३।२० | हस्पिटलको ४०% गत र ६०% भुक्तानी | एन के ए इन्जिनियरिङ्ग | ८११२९४ |
| २७०।०७७।३।३० | शिवमूर्ति | अपाष्टिम इन्जिनिरिङ्ग | ४९४०००। |
| | आवधिक योजना | Accountability initative pvt.ltd | ७९४००० |
| | ज्यानदाला खानेपानी | New planet engineering service | २९७६४२ |
| | ढुङ्ग्रे खानेपानी | Siddhi Binayak engineering pvt.ltd | २९८३२० |
| | | **जम्मा** | **५८५१५८९** |

५६.१. परामर्श सेवा लिंदा आफ्नै जनशक्तिबाट सम्पन्न गर्न सकिने / नसकिने विषय स्पष्ट पारेको देखिँदैन ।

५६.२. **जिन्सीः** परामर्शदाताले पेश गरेको प्रतिवेदन जिन्सी खातामा आम्दानी बाँधी संस्थागत सम्झना (Institutional Memory) को लागि अभिलेख राख्नुपर्नेमा रु ५८५१५८९। खर्च गरी तयार गरेको रिपोर्ट जिन्सी खातामा आम्दानी बाँधेको नदेखिएको ।

५६.३. परामर्श सेवा लिंदा कार्य सम्पादन जमानत लिएको देखिएन भने भुक्तानी दिंदा धरौटि कट्टा गरेको समेत छैन । यस्तो अवस्थामा परामर्शदाताको कमजोरीका कारण काममा संशोधन परिमार्जन गर्नुपर्ने अवस्थामा परामर्शदातालाई जिम्मेवार बनाउन सकिने अवस्था देखिंदैन ।तसर्थ यस सम्वन्धमा गाँउपालिकाले विशेष ध्यान दिनु पर्दछ ।

५६.४. **प्रतिवेदनः** वडा न १,२ र ३ का आधारभुत स्वास्थ्य चौकी निर्माण सम्बन्धि सम्भाव्यता अध्ययनको लागि रु १३९०००८।को लागत अनुमान गरी सुचिकृत परामर्शदाताहरु संग प्राविधिक र आर्थिक प्रस्ताब माग गरी ट्रेङ्गल कन्सुल्टेन्सी इन्जिनियरिङ्गसंग रु १०५००००।(मु अ कर बाहेक) मा सम्झौता गरेको छ निज इन्जिनियरिङ्गलाई के कस्तो आधारमा छनौट गरेको हो छनौट प्रक्रियाको प्रमाण पेश भएन।सम्झौता अनुसार ड्राफ्ट रिपोर्ट पेश गर्दा ६० प्रतिशत र फाइनल रिपोर्ट पेश गर्दा बाँकी ४० प्रतिशत भुक्तानी दिने उल्लेख गरेकोमा कन्सुल्टीङ्ग इन्जिनियरिङ्गको ०७७।३।१४ को बिल अनुसार रु ११८६५००। भुक्तानी गरेकोमा कुन रिपोर्ट पेश गरेकोले उक्त रकम भुक्तानी गरेको हो खुलाएको छैन।

५७. **बैठक भत्ताः** अर्थ मन्त्रालय खर्चको मापदण्ड सम्वन्धी निर्णय तथा कार्यविधिको दफा ७.१.१

अनुसार बैठक भत्ता दिने आधारहरुमा स्पष्ट विषयबस्तु र कार्य योजना वेगर बैठक बस्न नपाउने र एकै निकाय र अन्तर्गतका पदाधिकारी कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने भनी उल्लेख गरेकोमा कार्यालयको कर्मचारीहरु मात्र रहेको बोलपत्र सम्बन्धी बैठकमा बसे बापत कर्मचारी तथा पदाधिकारीहरुलाई रु ३१८०००। बैठक भत्ता खर्च गरेकोले अर्थ मन्त्रालयको कार्यविधिको पालना गरी खर्चमा मितव्ययिता ल्याउनुपर्नेमा कार्यलयको कर्मचारीहरु मात्र संलग्न रहेको बैठकको भत्ता भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु. ३१८०००

| भौ न मिति | वापत | रकम |
|---|---|---|
| ५३।०७६।१०।२३ | मुल्यांकन समितिको बैठक | २३५५००। |
| ७१।०७६।११।१३ | बोलपत्र मुल्यांकन समिति बैठक | ८२५००। |

५८. **टुक्रे खरीदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) एकै प्रकृतीका कार्यहरु गर्दा एक भन्दा बडी ट्क्रा पारी काम गर्न नहुने व्यवस्था छ। तर गाउँपालिकाले यस सम्बन्धमा ध्यान दिएको पाईएन।

| गो.भौ., मिति | सामाग्री\क्रियाकलाप | खर्च रकम | सप्लायर्स |
|---|---|---|---|
| १८८-०७६।०९।२३ | मसलन्द तथा कार्यालय सामग्री | ३०१४०४ | सिद्धबाबा अफसेट प्रेस |
| ११९-०७६।०९।२३ | स्टेशनरी सामाग्री | २१६२०२ | शंकर स्टेशनरी सप्लायर्स |
| ४१३-०७७।०३।०७ | कार्यालय सामाग्री | ९९६४३ | संजिवनी अर्डर सप्लायर्स |

५९. **कार्यक्रम योजना नबनाई खर्च गरेकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी खर्च सम्बन्धी कार्यविधि अन्तर्गत सरकारी निकायबाट कुनै तालिम, सेमिनार, कार्यशाला, गोष्ठी आदि सञ्चालन गर्नु पर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ। यस्तो स्वीकृत कार्यक्रम अनुरुप सञ्चालित तालिम, सेमिनार, कार्यशाला, गोष्ठी आदि सम्पन्न भईसकेपछि कार्यक्रम अनुरुप भए नभएको र त्यसमा खर्च गरिएका मालसामानको विवरण तथा विल भर्पाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। तर गाउँपालिकाले निम्न कार्यक्रम सञ्चालन गर्दा कार्यक्रमको लागत अनुमान तयार तथा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत नगराएकोले यस तर्फ ध्यान दिन जरुरी छ।

| गो.भौ.,मिति | कार्यक्रम | विनियोजित शिर्षक | खर्च रकम रु. |
|---|---|---|---|
| २१-०७६।०६।१० | विपद् प्रतिकार्य अभियान कार्यक्रम | कार्यक्रम खर्च | ६९५४० |
| ४५-०७६।०८।१३ | हाजिरी जवाफ प्रतियोगिता, SEE उत्कृष्ट विद्यार्थी तथा अवकाश स्थानीय शिक्षक सम्मान कार्यक्रम | शिक्षा दिवस कार्यक्रम | ७४७६६ |
| ६७-०७६।०८।२३ | कार्यालयका कर्मचारी तथा समायोजित कर्मचारीको अनुशिक्षण कार्यक्रम | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ४७८७५ |
| ३-२०७६।०६।०९ | हरितालिका तीज कार्यक्रम | हरितालिका तीज कार्यक्रम | ४०६८४५ |
| | | | |

## गाउँपालिका चालु

६०. **बैठक भत्ताः** अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७५ को परिच्छेद सात ७.१.१ मा बैठक कार्यालय समय अघि वा पछि हुनु पर्ने, एउटै निकाय वा अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने, कानुन अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने र बैठकमा आमन्त्रित सदस्य रुपमा थप व्यक्ति राख्न नपाइने तर बिशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सक्ने उल्लेख गरेकोमा नगरपालिकाले बिभिन्न बोलपत्र तथा सिलबन्दी दरभाउपत्र खोल्दा र मुल्यांकन गर्दा बसेको बैठकका सदस्य लगायत आमन्त्रित बिभिन्न पदाधिकारी तथा कर्मचारीहरुलाई बैठक भत्ता भुक्तानी गरी खर्च गरेकोमा कार्य संचालन निर्देशिका विपरित गाउँपालिकाको मात्र कर्मचारी बसेको विभिन्न बैठक तथा आवश्यक भन्दा बढी पदाधिकारी तथा कर्मचारी बैंठकमा राखी निर्देशिका विपरित भत्ता खर्च गरेकोमा अन्य कर्मचारीहरुको प्रतिकृया

| | | |
|---|---|---|
| | सहित दाखिला भौचर पेश भएकोमा बाँकी प्र.प्र.अ श्री सुकदेव लम्सालको ४ बैठकको रु.६०००।- मा कर कट्टा गरी बाँकी रू.५१००।- अनियमित देखियो । | ५१००.०० |
| ६१. | नेपाल सरकार कार्य सञ्चालन निर्देशिका, २०७५ को परिच्छेद सातमा सरकारी कार्यालयले कुनै पनि तालिम, सेमिनार, गोष्ठी आदि कार्यक्रम सञ्चालन, बैठक भत्ता वितरण गर्दा अपनाउनुपर्ने प्रावधान, खर्चको मापदण्डसम्बन्धी निर्णय तथा कार्यविधि उल्लेख गरिएको छ तर नगरपालिकाले सो निर्देशिका विपरीत निम्न खर्च लेखेकाले अनियमित देखिएको छ। | |
| ६१.१. | **बैठक भत्ताः** गाउँपालिकाको कर्मचारी प्रोत्साहन तथा पुरस्कार खर्च शिर्षकबाट गो.भौ.१७ मिति २०७६।०६।१० बाट **Construction of Bhalumara Jhulabari Jhangihunge irrigation project** निर्माण सम्बन्धी शिलबन्दी दरभाउ मूल्याङ्कनका लागि मिति २०७६।०४।२२ गते दिन विहान र बेलुका गरी २ पटकको बैठक कार्यपालिका भित्रकै कर्मचारीहरुमात्र बसेको बैठकको भत्ता भक्तानी गरकोमा निर्देशिका अनुसार नमिल्ने भत्ता भुक्तानी बुझेको देखिएकोले कर कट्टी गरी रु.२५५०० बुझेको नियमसंगत नदेखिएको रु | २५५००.०० |
| ६१.२. | **तालिम खर्चः** कर्मचारी प्रोत्साहन तथा पुरस्कार खर्च शिर्षकबाट कार्यालयमा कार्यरत कर्मचारी तथा समायोजन भई आएका कर्मचारीहरुलाई १ दिने अनुशिक्षण कार्यक्रम सञ्चालन गरेबापत मिति २०७६।०८।२३ गो.भौ.६७ बाट रु.४७८७५ खर्च लेखेकोमा बढी भूक्तानी अनियमित देखिएको रु. | ९३५०.० |

| बुझिलिने | कक्षा संख्या /दिन | हुनुपर्ने भूक्तानी | भएको भूक्तानी | बढी भूक्तानी (कर कट्टी गरी) | कैफियत |
|---|---|---|---|---|---|
| प्र.प्र.अ | २ | १६०० | ६८०० | ४४२० | कार्यपत्र बापत मात्र रु.७०० |
| ले.अ. | १ | ८०० | ३४०० | २२१० | " |
| ना.सु. | १ | ८०० | २५०० | १४४५ | " |
| उपाध्यक्ष | १ | ० | १२७५ | १२७५ | अनुगमन प्रतिवेदन नभएको |
| कुल | | | | ९३५० | |

| | | |
|---|---|---|
| ६१.३. | **बढी भुक्तानीः** अपाङ्ग भेला गोष्ठी खर्च शिर्षकबाट २८ औ अपाङ्गता दिवसका अवसरमा सरोकारवाला निकायसंग अन्तरक्रिया कार्यक्रम संचालन गरेको भनी भौ नं ११३ ।०७६।९।।२२ बाट प्रशिक्षण दिए वापत बिभिन्न कर्मचारीहरुलाई पारिश्रमिक रु ५०००।भुक्तानी गरेकोमा निर्देशिकामा तोकेको दर भन्दा बढी भुक्तानी गरेको असुल गर्नु पर्ने रु | १७४६०.०० |

| बुझिलिने | कक्षा संख्या /दिन | हुनुपर्ने भूक्तानी | भएको भूक्तानी | बढी भूक्तानी (कर कट्टी गरी) | कैफियत |
|---|---|---|---|---|---|
| बलराम मरहट्टा | १ | १५०० | ३४०० | १६१५ | |
| शुकदेव लम्साल | १ | ८०० | २५०० | १४४५ | कार्यपत्र मात्र |
| ४८ जना सहभागी | | ९६०० | २४००० | १४४०० | २०० दरले यातायात पाउने |
| | | | जम्मा | १७४६०। | |

| | | |
|---|---|---|
| ६१.४. | **बैठक भत्ताः** पशुपन्क्षी विकास शाखाको वार्षिक कार्यक्रम अन्तर्गत कृषकलाई अनुदान दिने कार्यक्रमका लागि पटक-पटक बसेको बैठक बापत करकट्टि गरि मिति २०७७।०३।१२, गो.भौ.४३३ बाट रु.४५९०० खर्च लेखेकोमा एउटै निकाय/कार्यालय अन्तर्गत रहेका पदाधिकारी/कर्मचारी बैठकमा भत्ता दिने व्यवस्था नरहेको भूक्तानी रकम नियमित नदेखिएको रु. | ३९५२५.०० |

| **बुझिलिने** | **पटक** | **भएको भूक्तानी** | **बढी भूक्तानी (कर कट्टी गरी)** | **कैफियत** |
|---|---|---|---|---|
| कृति कुमार श्रेष्ठ | १ | १५०० | १२७५ | " |
| सुकदेव लम्साल | ५ | ७५०० | ६३७५ | " |
| नन्दलाल गिरी | २ | ३००० | २५५० | |
| मुक्तिनाथ सिलवाल | २ | ३००० | २५५० | " |
| बलराम त्रिपाठी | २ | ३००० | २५५० | " |
| डम्बर कुमारी प्रजा | २ | ३००० | २५५० | " |
| टेक बहादुर गुरुङ्ग | २ | ३००० | २५५० | " |

| | | | | |
|---|---|---|---|---|
| सरोज खतिवडा | ५ | ७५०० | ६३७५ | " |
| प्रदिप त्रिपाठी | ३ | ४५०० | ३८२५ | " |
| राजेश सुवेदी | ३ | ४५०० | ३८२५ | " |
| आनन्द राज घिमिरे | ४ | ६००० | ५१०० | " |
| **जम्मा** | | | **३९५२५।-** | |

६२. **जिन्सीः** मुग्लिङ्ग हाइवे हस्पिटललाई विभिन्न ८ थरीका सामान खरिद गरी दिएको भनि भौ.नं.३५५-०७७/२/५ बाट रु.१०००००/- भुक्तानी दिएको छ । सो सामानको जिन्सी दाखिला प्रतिवेदन र हस्तान्तरण फारम स्रेस्तासाथ संलग्न छैन । ति सामानहरु के कस्तो अवस्थामा छ अनुगमन समितिबाट अनुगमन गरेको पाइन । अतः ति सामानहरुको जिन्सी दाखिला प्रतिवेदन र हस्तान्तरण फारम पेश हुनुपर्ने रु. १०००००

६३. **फरक शिर्षकमा खर्चः** आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार एक शिर्षकमा विनियोजन भएको रकम सोही शिर्षक र कार्यक्रममा खर्च गर्नुपर्नेमा अन्य कार्यक्रममा खर्च गर्न स्वीकृत / समर्थन गर्ने गरेको देखिएको छ । विशेष परिस्थिति वेगर विनियोजित बजेट तोकिएको कार्यक्रम भन्दा फरक कार्यक्रममा खर्च गर्नु उपयुक्त देखिदैन ।

| भौ.नं., मिति | विनियोजित शिर्षक | रकम | खर्च शिर्षक | रकम |
|---|---|---|---|---|
| ४५१-०७७।०३।१५ | दलित क्षमता अभिवृद्धि र चेतनामूलक कार्यक्रम | ५४४६० | नेपाल दलित संघबाट आयोजित कोभिड विरुद्धको जनचेतना तथा मास्क वितरण | ५४४६० |
| ४९५-०७७।०३।२१ | चेपाङ आय-आर्जन, सिपमूलक कार्यक्रम | ४१५९० | नेपाल चेपाङ संघ ईच्छाकामना र गाँउपालिका विच छलफल र अन्तर्क्रिया कार्यक्रम | ४१५९० |
| | | | जम्मा | ९६०५० |

९६०५०

६४. **अनुत्पादक क्षेत्रमा खर्चः** स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन ।तसर्थ गाउपालिकाले केही अनुन्पादक क्षेत्रमा खर्च गरेको उदाहरण यस प्रकार छ ।

| गो.भौ.,मिति | कार्यक्रम | खर्च शिर्षक | खर्च रकम |
|---|---|---|---|
| ३-२०७६।०६।०९ | हरितालिका तीज | महिला कार्यक्रम,महिला दिवस | ४०६८४५ |
| ७१-२०७६।०८।२५ | पञ्चमी मेला ईच्छाकामना | पञ्चमी मेला ईच्छाकामना कार्यक्रम खर्च | ३००००० |
| ४१०-०७७।०३।०४ | वडा दशैको उपलक्ष्यमा शुभकामना आदान-प्रदान कार्यक्रम बापत एपोलो मुङ्गलिन युथ एसोसियसनलाई भूक्तानी | कार्यक्रम खर्च | ३०००० |
| ३७३-०७७।०२।१८ | ईच्छाकामना एफ.एम.मार्फत विजयादशमी, तिहार तथा छठपर्वको उपलक्ष्यमा गा.पा.अध्यक्ष, उपाध्यक्ष, प्र.प्र.अ, ७ वडा कार्यालय गरी जम्मा १० वटा शुभकामना विज्ञापन रु.२००० का दरले | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन | २०००० |

## स्थानीय पूर्वाधार साझेदार कार्यक्रम

६५. **स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम-** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार ४ परियोजना सञ्चालन गर्न रु.१२००००००। बजेट प्राप्त भएकोमा रु.९०७१८०६। खर्च भई ७५.५९ प्रतिशत भौतिक प्रगति प्राप्त भएको देखिन्छ

| आयोजनाको प्रकार | आयोजनाको संख्या | बजेट रकम | खर्च रकम | वित्तीय प्रगति प्रतिशत |
|---|---|---|---|---|
| भौतिक पूर्वाधार | ३ | १२०००००० | ९०७१८०६ | ७५.५९ |

६६. **कुरिनटार सोता बेल डाँडा केरावारी सडकः** कुरिनटार सोता बेल डाँडा केराबारी लामी डांडा सडक निर्माणको निर्माण व्यवसायी जय सिता कन्स्ट्रक्सनले कार्य सम्पन्न गरेको प्राविधिक मुल्याकंन अनुसार रु २८१९६१७।खर्च गरेकोमा देखिएको व्यहोरा निम्न छन।

६६.१. **तुलनात्मक तालिकाः** यस सडक योजनाको लागि निर्माण व्यवसायी छनौट गरेको ठेक्का

| | | |
|---|---|---|
| | फाइलमा बोलपत्रको प्रतिस्पर्धा गरेको तुलनात्मक तालिका, मुल्यांकन समितिले बोलपत्र छनौटको सिफारिस गरेको मुचुल्का र बिस्तृत लागत अनुमान समेत ठेक्का फाइलमा नराखेकोले निर्माण व्यवसायी छनौट एकिन भएन । | |
| ६६.२. | **कन्टेन्जेन्सीः** पहिलो रनिङ्ग बिलको निर्माण व्यवसायीलाई भुक्तानी गरेको मु अ कर बाहेकको रु १३७५१८०।र दोस्रो तथा अन्तिम बिलको रु ८६७००३।को गरी रु २२४२१८३।को ३ प्रतिशत कन्टेन्जेन्सी रु ६७२६५।४९ मात्र कोषमा दाखिला गर्नु पर्नेमा रु २२०४७८।कोषमा दाखिला गरेकोले बढी कन्टेन्जेन्सी दाखिला गरेको रु १५३२१२।५१ संघिय संचित कोषमा दाखिला गर्नु पर्ने रु | १५३२१२ |
| ६६.३. | **बीमाः** वीमा वापत रु २२०५०। भुक्तानी गरेकोमा निर्माण व्यवसायीले बीमा गरेको प्रमाण पेश नभएकोले प्रमाण पेश गर्नु पर्ने रु | २२०५ |
| ६६.४. | **संचित कोषः** निर्माण व्यवसायीको अन्तिम बिलको रु.९७९७१३।७३। र कन्टेन्जेन्सी रु ९११८०। गरी रु.१०७०८९३।७३ बजेट खर्च गर्नु पर्नेमा गाँउपालिकाले रु११३६३६६।बजेट खर्च गरेकोले रु ६५४७२।२७ बढी खर्च गरेको २०७७।४।११ मा गांउपालिकाको आन्तरिक राजस्व खातामा दाखिला गरेकोमा उक्त रकम संघिय संचित कोषमा दाखिला गर्नु पर्ने रु | ६५४७२.७२ |
| ६७. | **निकासा नलिएकोः** तुम्लिङ्गटार तथा तल्लो डुडे बाटो स्तरोन्नतीको लागी रु २३०४७५९।को लागत अनुमानमा उपभोक्ताले व्यहोरिने रु.३०४७५९।कट्टा गरी नगरपालिकाले रु२००००००।भुक्तानी गर्ने सम्झौता भएकोमा उपभोक्ताले निर्माण कार्य सम्पन्न गरेको प्राविधिकबाट गरेको मुल्यांकन अनुसार रु.२२०२९०४। मा जनसहभागिताको अंश रु २९६६४२।कट्टा गरी भौ नं १८।०७७।३।३० बाट रु.१९०६२६२। भुक्तानी गरेकोमा देखियो।नगरपालिकाले उपभोक्ता समितिलाई पहिलो रनिङ्ग बिलको भुक्तानी गर्नु पूर्व त्यसमा लाग्ने अग्रिम कर र सामाजिक सुरक्षा कर वापतको रु२६४८८।६२ कट्टा गरी समितिलाई भुक्तानी हुने रु १४३१६२८। मात्रको भुक्तानी आदेशबाट निकासा लिइ भुक्तानी गरेको देखियो ।समितिको बिलबाट कट्टा गरेको कर रकमको पनि भुक्तानी आदेशबाट रकम निकासा लिइ संघिय संचित कोषमा दाखिला गर्नु पर्नेमा निकासा नै नलिएको नियम सम्मत नदेखिएको रु | २६४८८.६२ |
| ६८. | **बीमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा निर्माण कामको बीमा गराउनु पर्ने र उक्त बीमाको अवधि निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्मको हुनु पर्ने भनी उल्लेख गरेकोमा वडा नं २ मैतेस थापाथलि माझटार नयां ट्याक खोल्ने कामको निर्माण व्यवसायी होम निर्माण सेवाको पहिलो तथा अन्तिम बिलको रु २४४५७५६।भौ नं १३।०७७।३।३१बाट भुक्तानी गरेको निर्माण व्यवसायीले पेश गरेको बीमाको रसिदमा १३जुलाइ २०२० देखि १४ जुलाइ २०२० सम्म २ दिनको लागिमात्र बीमा गरेको नगदी रसिदबाट रु ६७१८।शुल्क बुझाएको देखिएकोले २ दिनको बीमा गरी बिमा वापत राखेको पुरै रकममा मु अ कर समेत गरी रु ३३९००। भुक्तानी लिएको नियम सम्मत नभएकोले असुल गर्ने पर्ने रु | ३३९०० |
| ६९. | **स्वीकृतः** स्थानीय पुर्वाधार विकासको लागि स्वीकृत योजनाहरु मात्र संचालन गर्नु पर्नेमा योजना संचालनबाट बचत भएको रकमबाट स्वीकृत नभएको योजना संचालन गरी खर्च गरेकोले योजना स्वीकृत भएको प्रमाण पेश गर्नु पर्ने रु | १६७२९२९ |
| | भौ न मिति: २०।०७७।३।३१ — योजनाको नाम: वडा नं २ हपनी वरल्याङ ट्याक निर्माण — खर्च रकम: १६७२९२९। | |
| ६९.१. | वडा नं २ हपनी वरल्याङ ट्याक निर्माण उपभोक्ता समितिको बिल प्राविधिक मुल्यांकन बिल अनुसार १०८ घ मी नाला निर्माण गरेको रु ३८९।को दरले रु ४२०१२।खर्च गरेकोमा उक्त | |

| भौ न मिति | योजनाको नाम | खर्च रकम |
|---|---|---|
| २०।०७७।३।३१ | वडा नं २ हपनी वरल्याङ ट्याक निर्माण | १६७२९२९। |

| | | |
|---|---|---|
| | कामको नापी किताबमा उल्लेख गरेको नदेखिएकोले नाप जाँच बिना नै भुक्तानी गरेको देखियो। | |
| ७०. | **कोरोना नियन्त्रण कार्यक्रम प्रदेश तर्फः** यस कार्यक्रमतर्फ प्रकोप व्यवस्थापन कोषमा देहाय बमोजिमको आम्दानी तथा खर्च भएको छ । | |

| आय | खर्च | व्यय | खर्च |
|---|---|---|---|
| गतको अ ल्या | ० | खर्च अन्य | ११९०८३५।०० |
| बागमती प्रदेश | १००००००।०० | बाँकी | २५५२२०। |
| अन्य संघ संस्था व्यक्तीबाट | ४४६०५५।०० | | |
| जम्मा | १४४६०५५।०० | जम्मा | १४४६०५५।०० |

| | | |
|---|---|---|
| ७१. | प्रकोप व्यस्थापन कोषको बैक स्टेटमेन्ट भिडान गर्दा रु२,९९,८७९।३८ मौज्दात रहेको देखिएकाले स्रेस्ता भन्दा बैंकमा बढी मौज्दात देखिनुको कारण उल्लेख गरेको छैन । | |
| ७२. | गाउँपालिका चालु खर्च शिर्षकबाट कोरोना नियन्त्रण कार्यक्रमको लागि रु २४,५०,२६१।०० खर्च भएको छ । | |
| ७३. | राहत सम्बन्धि खरिद गर्दा सोझै खरिद गरेको छ भने राहत सामाग्री वितरण गर्दा परिवारमा रहेको संख्याको आधारमा राहतको प्याकेज बनाई वितरण गर्नुपर्नेमा संख्याको आधारमा प्याकेज बनाएको देखिएन । | |
| ७४. | गाउँपालिकाले कोरोना संक्रमित विरामीहरुको उपचारमा संलग्न स्वास्थ्यकर्मिहरु र अन्य व्यक्तिहरुलाई कोरोना संक्रमितबाट सुरक्षित गर्नको लागि र विभिन्न मितिमा विभिन्न आपूर्तिकर्ताहरुबाट पि पि ई, के एन मास्क, सर्जिकल मास्क र सानिटाइजर जस्ता स्वास्थ्य सामाग्रीहरु सोझै प्रक्रियाबाट खरिद गरेको छ ।गाउँपालिकाले सोझै खरिद गर्दा पनि मुल्यमा एकरुपता कायम नगरी फरक फरक दरमा खरिद गरेको छ। | |
| ७५. | राहत वितरण गर्दा गाउपालिकाले परिवार संख्याको आधारमा गरेको पाइयो । गाउँपालिका अन्तरगत विभिन्न वडामा राहत सामाग्री वितरण गर्न गाउँपालिका तथा वडा कार्यालयबाट सोझै प्रक्रियाबाट खरिद गरेकोमा चामल प्रति केजी ४५। का दरले दाल प्रति केजी १०६। नुन मा २०।० र २१।०, तेल प्रति लिटर १५०। दर भएको पाइयो । | |
| ७६. | राहत सामाग्री वितरण गर्दा कार्यालयले वडा अन्तरगत कति परिवार सँख्या तथा व्यक्तिलाइ राहत वितरण गर्नुपर्ने हो सो को आधारमा माग गरी पालिकाले सम्बन्धित वडाका पधाधिकारी तथा कर्मचारीहरुलाइ माग बमोजिमको वितरण गर्नुपर्ने राहत सामग्री बुझेर आफ्ना वडाका परिवारलाइ वितरण गर्नुपर्नेमा एकमुषट भरपाइ पेश भएकोले भिडान गर्न सकिएन । सामान बुझाएको प्रत्येक व्यक्तिले बुझेको भरपाइमा वितरण गरेको सामानको परिमाण नै उल्लेख गर्नु पर्नेमा वडा ले उल्लेख गरेको देखिएन । राहत सामाग्री प्राप्त गर्ने व्यक्तिको पुरा विवरणका साथै नागरिकता नम्वर समेत उल्लेख गर्नु पर्नेमा वितरण भरपाइमा उल्लेख गरेको पाइएन । | |
| ७७. | **राहत सामग्री अनुदानः** गाउँपालिकालाइ विभिन्न १६ संस्था तथा व्यक्तिहरुले चामल २९९९० किलो दाल ३५३ किलो नुन ४५० प्याकेट तेल ९८ लिटर लगायत सोयाविन अण्डा साबुन केराउ चिउरा दालमोठ आदी सहयोग गरेकोमा सो अनुदान सामाग्री देखिने गरी छुट्टै अभिलेख खडा गरेको पाइएन । साथै सो सामाग्री तथा कार्यालयले खरिद गरेको समेतको एकमुष्ट भरपाइ पेश भएकोमा अनुदान वितरण भरपाइबाट छुट्याउन सकिने अवस्था रहेको देखिएन । | |
| ७८. | पुजा ट्रेडर्सलाइ २९३।२०७७।१२।२३ बाट विल अनुसार सनफ्लावर तेल आधा लिटर प्याकेटको २०० लिटर प्रति रु १५५।३३ को दरले रु ३१६००।०० चामल ८० बोरा ११६०००।०० मुसुरो दाल २० बेरा ४७०८० गरी जम्मा १९४६८०।०० खरिद गरेको भनी भुक्तानी भएकोमा वितरण गरेको प्रमाण नभएको आपूर्तिकर्ताको बिलको आधारमा भुक्तानी गरेको अनियमित रु. | १९४६००.०० |

७९. **प्रधानमन्त्री रोजगार कार्यक्रमः** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७६ अनुसार प्रधानमन्त्री रोजगार कार्क्रेमको मूख्य उद्देश्य मुलक भित्र रोजगारका प्रयाप्त अवसर सिर्जना गरि उपलव्ध बेरोजगार जनशक्तिको लगत तयार गरि महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्याउने सुनिश्चितता गरी सामाजिक सुरक्षाको ब्यवस्था गर्नु रहेको छ।गाउँपालिकामा निम्नानुसारको कार्य गरी रु. २७३५८२०।- खर्च लेखेको छ ।

| क.सं | भौ.नं./मिति | विवरण | क्रियाकलापको विवरण | कुल खर्च |
|---|---|---|---|---|
| १ | ११।१२-२०७७।३।२५ | नयाँ बारी सिंचाई कुलो मर्मत | कुलो मर्मत | १८०४४५५ |
| २ | २१।२२-२०७७।३।३१ | पिपलडाँडा माथिल्लो फिस्लिङ्ग सिंचाई योजना | ट्याङ्कि खन्ने र बनाउने काम | ६५२३५० |
| ३ | विभिन्न | रोजगार संयोजक तलब | तलब | २२९९४० |
| ४ | विभिन्न | संचालन खर्च | | ४९०७५ |
| | | | **जम्मा** | २७३५८२० |

७९.१. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकाको बुँदा नं २५ मा कामको प्रकृति र आवश्यकता अनुसार आयोजनाको कामलाइ विभिन्न खण्डमा विभाजन गरी एक खण्डको काम १० देखि १५ जना सम्म एउटा श्रमिक समूहले गर्ने गरी विभिन्न श्रमिक समूह गठन गरिन कामको जिम्मा दिनुपर्नेमा वडा कार्यालयले सिफारिस गरेका श्रमिकहरुलाइ गा पा ले २ वटा योजनामा क्रमश १२३ जना र ६४ जना श्रमिकलाई काम लगाएको पाइयो ।

७९.२. रोजगार संयोजकको तलब भत्ता २ महिनाको गो भौ नं ११।२०७६।९।२० बाट रु ७९९८० खर्च देखाएकोमा बैंक पठाएको भरपाइमा सामाजिक सुरक्षा कर कट्टा गरी रु ७५२२०। देखिएकोले बजेट खर्च लेख्दा ४०००।०० बढी लेखेको खर्च संचित कोष दाखिला गर्नुपर्ने रु ४०००.००

## सामाजिक सुरक्षा तर्फ

८०. **सामाजिक सुरक्षातर्फः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ ।नगरपालिकाका वडाहरुले MIS प्रणाली समयमै Update नगर्ने, पूर्ण विवरण नराख्ने,एकै व्यक्तिको १ पटक भन्दा बढी Entry गर्ने, एकै नागरिकता नम्बरबाट फरक व्यक्तिलाई परिचय पत्र वितरण गरेको, MIS अभिलेख तथा मुलखाता(ढड्डा)मा समयमै अभिलेख कट्टि गरेको पाईएन ।

**नागरिकता नम्बर उल्लेख नभएका लाभग्राहीहरुको केही उदाहरण निम्नानुसार छन्**

**वडा नं.३**

| सामाजिक सुरक्षाको किसिम | व्यक्तिगत परिचय नं | नाम | जन्म मिति | उमेर |
|---|---|---|---|---|
| जेष्ठ नागरिक | १९८९१२१५००५४३ | आश बहादुर गुरुङ | १९८९-१२-१५ | ८७ |
| जेष्ठ नागरिक | १९९६०१०४०१४६९ | ए मान बहादुर गुरुङ | १९९६-०१-०४ | ८१ |
| जेष्ठ नागरिक | १९९६१००२००७५५ | केदारनाथ अधिकारी | १९९६-१०-०२ | ८० |
| जेष्ठ नागरिक | १९९९०४०५०१९२८ | गुण्कान्त अधिकारी | १९९९-०४-०५ | ७८ |
| जेष्ठ नागरिक | १९९७१००५०१२७५ | गोविन्द प्रसाद पौडेल | १९९७-१०-०५ | ७९ |
| जेष्ठ नागरिक | २००२१२०१०५५४३ | डिल कुमारी श्रेष्ठ | २००२-१२-०१ | ७४ |
| जेष्ठ नागरिक | १९७९०५०९०००६१ | मान बहादुर गुरुङ | १९७९-०५-०९ | ९८ |
| जेष्ठ नागरिक | १९९८०५०२००७०२ | शिव प्रसाद पोखरेल | १९९८-०५-०२ | ७९ |
| एकल महिला | २०११०८१०००९२४ | मनमाया गुरुङ | २०११-०८-१० | ६६ |
| **वडा नं.५** | | | | |
| बिधवा भत्ता | २००९०१२३००२५६ | मोहन कुमारी तुलाचन | २००९-०१-२३ | ६७ |
| बिधवा भत्ता | २०१२०११५०१९८१ | सरस्वती ० भण्डारी | २०१२-०१-१५ | ६४ |
| जेष्ठ नागरिक (दलित) | २०१२०८२५००९४६ | छलमाया परियार | २०१२-०८-२५ | ६३ |

| | | | | |
|---|---|---|---|---|
| जेष्ठ नागरिक (दलित) | २०१३०१२७००५९८ | जीत बहादुर कामी | २०१३-०१-२७ | ६३ |
| जेष्ठ नागरिक (दलित) | २००९११०१०१०१२ | मिन माया परियार | २००९-११-०१ | ६६ |
| जेष्ठ नागरिक (दलित) | २००३०११९०१४४६ | सन् बहादुर कामि | २००३-०१-१९ | ७३ |
| बिधवा भत्ता | २००९०१२३००२५६ | मोहन कुमारी तुलाचन | २००९-०१-२३ | ६७ |

**एउटै नागरिकता नम्बर उल्लेख भएका भत्ता लाभग्राहीहरुको विवरण**

**वडा नं.५**

| सामाजिक सुरक्षाको किसिम | व्यक्तिगत परिचय नं | नाम | जन्म मिति | नागरिकता नं |
|---|---|---|---|---|
| बिधवा भत्ता | २०२८०४०१०१६५३ | शर्मीला शेरचन | २०२८-०४-०१ | ३३ |
| बिधवा भत्ता | २०३००२१८००४०९ | सरिता शेरचन | २०३०-०२-१८ | ३३ |
| बिधवा भत्ता | २०१६०४१०००५६७ | बुद्दिमाया गुरुङ० | २०१६-०४-१० | १८६ |
| बिधवा भत्ता | २०११०३२१००४९२ | लिलावती गुरुङ | २०११-०३-२१ | १८६ |
| जेष्ठ नागरिक (दलित) | २००८०५०५०१३३८ | सुक माया कामी | २००८-०५-०५ | ४७० |
| जेष्ठ नागरिक (दलित) | २००८०८०८०२६८४ | सुक माया कामी | २००८-०८-०८ | ४७० |

८०.१. गत आ.व.को पेश्की अल्या तथा फछ्यौंट रु.१२१३०४०० गरेकोमा यस आ.व.२०७६।७७ गा.पा.ले सामाजिक सुरक्षा तर्फ रु.५२४८८६०० खर्च गरेको छ ।सामाजिक सुरक्षा भत्ता वितरण गरी निम्न अनुसारको कर्मचारीहरुको नाममा पेश्की फछ्यौर्ट गर्दा भत्ता वितरण गरेको भरपाइ तथा बैक दाखिला फिर्ता भन्दा बढी पेश्की फर्छौट गरेकोले नपुग पेश्की फर्छौट रकम असुल गरी संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु. १०६८००

| कर्मचारीको नाम | पेश्की दिएको | प्राप्त भर्पाई | फिर्ता(भौचर जम्मा) | नपुग भरपाई |
|---|---|---|---|---|
| *प्रथम चौमासिक* | | | | |
| सुर्यनाथ घिमिरे | १८७६००० | १६३२००० | २२८००० | १६००० |
| राजन कार्की | २७३८४०० | २१६५६०० | ५६०८०० | १२००० |
| चन्द्रकुमारी न्यौपाने | ३००३२०० | २८५४४०० | ९२००० | ५६८०० |
| सुरेश थापा | ३२६३२०० | ३०३१२०० | २३०००० | २००० |
| *दोस्रो चौमासिकमा* | | | | |
| सुर्यनाथ घिमिरे | १९०४००० | १६७६००० | २०८००० | २०००० |
| **जम्मा असुल गर्नुपर्ने** | | | | **१०६८००** |

८०.२. सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १७ र सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १०(३) मा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैङ्किङ प्रणालीबाट मात्र गर्नुपर्ने व्यवस्था गरिएको छ तर गाँउपालिकाले आ.व.०७६।७७ दोस्रो किस्तासम्म बैङ्किङ प्रणालीबाट भत्ता वितरण नगरी ल्याप्चेका आधारमा भत्ता वितरण गरेको छ ।त्यसैगरी **MIS** मा ईन्ट्री नभएकाहरुलाई पनि ल्याप्चे भर्पाईका आधारमा वडाहरुले भत्ता वितरण गरेका पाईयो।नमुना छनौटका रुपमा हेर्दा वडा नं.३ ले २ जना ज्येष्ठ नागरिक र एकल महिलाको नाम, नागरिकता नम्बर, जन्ममिति उल्लेख गरी ल्याप्चे सहीछाप गरी रु.३२०००, वडा नं. ७ बाट ५ जनालाई रु.३६००० वितरण गरेको पाईयो ।यसबाट वास्तविक व्यक्तिले नै भत्ता पाएको भनी एकीन गर्न सकिएन।अतः गाउँपालिकाले भत्ता लाभग्राही नामावली तथा सम्पूर्ण विवरण समयमा नै उल्लेखित विद्युतिय प्रणालीमा ईन्ट्री गर्ने, आवश्यक लगत कट्टा गर्ने, दोहोरो नामावली हुन नदिने, **MIS** प्रणालीमा उल्लेख बमोजिमको लाभग्राहीहरुलाई भत्ता वितरण पश्चात वडागत रुपमा, नाम नामेसी, परिचयपत्र नं., नागरिकता नं. आदि उल्लेख गरिएको बैंक भर्पाई माग गरी तोकिएका सामाजिक सुरक्षा भत्ता लाभग्राहीले नियम बमोजिम भत्ता प्राप्त गरे-नगरेको सुनिश्चित गर्ने गर्नुपर्दछ।

**प्रदेश पुर्वाधार साझेदारी कार्यक्रम**

८१. प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार ४ परियोजना सञ्चालन गर्न रु.८००००००।बजेट प्राप्त भएकोमा रु.७६५३४१७। खर्च भई

| | | |
|---|---|---|
| | ९५.६६ प्रतिशत भौतिक प्रगति प्राप्त भएको देखिन्छ । | |
| ८२. | वडा नं १ कालिङ्ग देखि जौतेस हुदै थापराङ्गसम्म मोटरबाटो निर्माणको लागि निर्माण व्यवसायी जयकाली निर्माण सेवालाई छनौट गरी निजको प्रथम रनिङ्ग बिल अनुसार भौ न ११।०७७।३।३१ बाट रु २१११७३६। भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्न छन। | |
| ८२.१. | निर्माण व्यवसायीले पेश गरेको पहिलो रनिङ्ग बिल र सम्पन्न कामको प्राविधिक मुल्याकंन अनुसार रु २०५७१२२।६५ मात्र भएकोमा गाँउपालिकाले रु २१११७२६। भुक्तानी गरेकोले बिल भन्दा रु ५४६०३।३५ बढी भुक्तानी भएको असुल गर्नु पर्ने रु | ५४६०३.३५ |
| ८२.२. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा निर्माण कामको बीमा गराउनु पर्ने र उक्त बीमाको अवधि निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्मको हुनु पर्ने भनी उल्लेख गरेकोमा निर्माण व्यवसायीले पेश गरेको नेपाल इन्स्यूरेन्सको बिल अनुसार ठेक्का रु २२१५२०४।७० को १४ जुलाई २०२० देखि १५ जुलाई २०२० (२०७७।३।३१) सम्म २ दिनको लागि मात्र बीमा गरेको रु ७५३३।शुल्क बुझाएको आधारमा गाँउपालिकाले रु ७५०००।मा मु अ कर समेत थप गरि रु ८४७५०। भुक्तानी गरेकोले नियम अनुसार अवधि नपुगेको बीमा गरेको खर्च समेत असुल गर्नु पर्ने रु | ८४७५० |
| ८२.३. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ अनुसार बीस लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नु पर्ने व्यवस्था गरेको छ। कालिका देखि थाप्राङ्ग सम्मको सडक ट्याकको लागि रु ५००००००। बजेटको व्यवस्था भएकोमा कुल बजेटको आधारमा एक मुष्ट लागत अनुमान स्वीकृत गराइ नियम अनुसार खुला बोलपत्र आह्वान गरी निर्माण काम गराउनु पर्नेमा बोलपत्रबाट रु २१११७३६। र उपभोक्ता समितिबाट रु२५५०८४१। दुइ टुक्रामा विभाजन गरी निर्माण कार्य गरेकोले नियम अनुसार कार्य गराउन गाँउपालिकाले यस तर्फ बिशेष ध्यान दिनु पर्दछ । | |
| ८३. | **पेश्की बाँकीः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४७ मा तोकिएको अविधि सम्ममा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयको देहाय अनुसार फछ्यौट गर्ने बाँकी पेश्की मध्ये म्याद नाघेको पेश्की रु.६७२७०० र म्याद ननाघेको पेश्की रु.६०९४८२२ गरी जम्मा रु. ६७६७५२२ देखिएकोले नियम अनुसार पेश्की फछ्यौट गर्नुपर्दछ। म्याद नाघेको पेश्की रु. | ६७२७०० |

| सि.नं. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | रकम | |
|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको |
| १ | समपुरक योजना | गौरव कन्स्ट्रक्सन | १२४६६२२ | |
| २ | भवन सहितको बाल उद्यान निर्माण वडा नं. ५ | सिजल कन्ट्रकसन | ६००००० | |
| ३ | सिंचाई भालुमार | शाश्वत कन्ट्रक्सन | १५००००० | |
| ४ | कुरिनटार चोक देखि नयाँबस्ती बेस क्याम्पसम्म नाला कालो पत्र निर्माण | एल एण्ड जि कन्सट्रक्सन | ६५९००० | |
| ५ | पदाधिकारी बैठक भत्ता कार्यपालिका | सुजन अर्याल | ० | १८५००० |
| ६ | क्याम्पस तलब भत्ता | सर्वशान्ति क्याम्पस | ० | ४८७७०० |
| ७ | गुरुयोजना पूँजीगत खर्च | एकाउन्टविलिटि इनिसियटिभ प्रा लि | ७९४००० | |
| ८ | भालुभारा थाङ्ग खोला पिच सम्झौता २०७६।१२।५ | अन्जना निर्माण सेवा | ३४६२०० | |
| ९ | अस्पताल बिल्डिङ्ग सम्झौता २०७६।३।३० | सौरभ निर्माण सेवा | ९४९००० | |
| | | **जम्मा** | ६०९४८२२ | ६७२७०० |
| | | **कुल जम्मा** | ६७६७५२२।०० | |

| | | |
|---|---|---|
| ८४. | **सम्परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्यौट गर्ने | |

| | | |
|---|---|---|
| | व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२)(घ) बमोजिम वेरुजू फछ्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था गरेको छ । गाउँपालिकाले गत वर्षसम्मको बेरुजूको अद्यावधिक स्थिति सम्बन्धी विवरण उपलब्ध गराएको छैन । बेरुजुको विवरण अद्यावधिक गरी नियमानुसार बेरुजु फछ्यौट गर्नुपर्दछ । अद्यावधिक वेरुजुको विवरण पेश नगरेतापनि कार्यालयले गत वर्षसम्मको बेरुजू मध्ये निम्नानुसार रु. ७१९५८६२ फछ्यौट गरी लेखापरीक्षण डोरमा सम्परीक्षणको लागि अनुरोध गरेकोमा रु.७१९५८६२ सम्परीक्षण भएको छ । | |

| आर्थिक वर्ष | बेरुजु दफा | फछ्यौट गरिएको आधार र व्यहोरा | संपरिक्षणको लागि पेश गरिएको रकम | संपरीक्षण भएको रकम |
|---|---|---|---|---|
| ०७१/७२ | ३ | गापा आन्तरिक राजस्व खातामा दाखिला : पेश्की बाँकी मान बहादुर प्रजा रु.१२००० र नन्द लाल गिरी रु.६००० | १८००० | १८००० |
| ०७२/७३ | २ | पेश्की बाँकी कृष्ण प्रसाद सिलवाल गापा आन्तरिक राजस्व खातामा दाखिला | ३१५०० | ३१५०० |
| ०७४/७५ | १४ | गापा संचितकोषमा दाखिला | ५१००० | ५१००० |
| ०७४/७५ | १५.५ | २०७७/१०/२० मा राजस्व दाखिला | ३००० | ३००० |
| ०७४/७५ | १७.१ | गापा आन्तरिक राजस्व खातामा दाखिला | १८००० | १८००० |
| ०७५/७६ | ९४ | पेश्की बाँकी गीता कुमारी गुरुङ्ग गापा संचितकोषमा दाखिला | १५००० | १५००० |
| ०७५/७६ | ३९ | २०७७ जेष्ठ र आषाढको सुविधा भूक्तानी गर्दा निम्न ४ सदस्य बाहेक ३४ जनाको रु. ४९७००० असुल गरी गापा संचितकोषमा दाखिला<br>दाखिला गर्न बांकी सदस्य<br>सदस्य वुद्दिमान गुरुङ<br>सदस्य खिर बहादुर प्रजा<br>सदस्य युवराज गुरुङ<br>सदस्य कृष्ण गुरुङ | ४५७००० | ४५७००० |
| ०७५/७६ | ८४ | गापा आन्तरिक राजस्व खातामा दाखिला | ३३००० | ३३००० |
| ०७५/७६ | **९४** | **पेश्की फछ्यौंट :** | | |
| | २७ | रिता अर्याल नेपाल सा.सु.पे.फ | २१९६००० | २१९६००० |
| | २९ | रिता अर्याल नेपाल सा.सु.पे.फ | २२२६२०० | २२२६२०० |
| | २ | बैंक दाखिला गरेको भौचर पेश भइ पे फ | १५००० | १५०००.० |
| | ३ | कार्य सम्पन्न प्रतिवेदन पेश भइ पे फ | ७६३६२ | ७६३६२.० |
| | ६० | नरेन्द्र गुरुङ्गको सा.सु.पे.फ | १८६५६०० | १८६५६००.०० |
| | ५ | रिता अर्याल नेपालको पे फ बैंकदाखिला भौचर पेश | २००.०० | २००.०० |
| | ४ | रिता अर्याल नेपालको पे फ बिल भरपाई पेश | ६००००.०० | ६००००.०० |
| | ४५ | रिता अर्याल नेपालको पे फ कार्यक्रम संचालन गरी बिल भौचर पेश | ३५०००.०० | ३५०००.०० |
| | ४६ | रिता अर्याल नेपालको पे फ कार्यक्रम संचालन गरी बिल भौचर पेश | २९०००.०० | २९०००.०० |
| | ४७ | रिता अर्याल नेपालको पे फ कार्यक्रम संचालन गरी बिल भौचर पेश | ६६०००.०० | ६६०००.०० |
| | | जम्मा | ७१९५८६२ | ७१९५८६२ |

| | | |
|---|---|---|
| ८५. | सम्परीक्षणबाट देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् । | |
| ८५.१. | आ.व.२०७५।७६ मा तेश्रो चौमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गर्न नरेन्द्र गुरुङ्गले रु १८६५६००।०० पेश्की लिइ फछ्यौंट गरेकोमा रु १८५०४०० भत्ता वितरण गरेको भरपाइ तथा रु१५२००। नगद फिर्ता गरेकोमा रु १५२००। संघीय संचित कोषमा दाखिला गर्नुपर्नेमा गाउँपालिकाको संचित कोष दाखिला गरेको देखिएकोले सो रकम संघीय संचित कोष दाखिला गर्नुपर्ने रु | १५२००.०० |
| ८५.२. | रु १८५०४०० भत्ता वितरण गरी भरपाइ पेश भएकोमा एम.आई.एस विवरणमा नामावली समावेश नभएका देहायका व्यक्तिहरुलाइ समेत भत्ता वितरण गरेको देखिकोले सो सम्बन्धमा गाउँपालिकाले आवश्यक छानविन गरी एम.आई.एस विवरण अध्यावधिक गराइ भत्ता वितरण गर्नु पर्दछ । साथै एम.आई.एस विवरणमा नभएका व्यक्तिहरुलाई भत्ता वितरण गरेको रकम असुल गर्नुपर्ने रु | १३६००० |

एम आइ एस मा नभएका व्यक्तिको नामावली

| भत्ताको प्रकार | नाम थर | व्यक्तिगत परिचय नं. | रकम |
|---|---|---|---|
| जेष्ठ नागरिक भत्ता अन्य | आस बहादुर तामाङ | 2005091003183 | ८०००.०० |
| जेष्ठ नागरिक भत्ता अन्य | आस मान लामा | 2004122802549 | ८०००.०० |
| जेष्ठ नागरिक भत्ता अन्य | काली बहादुर भुजेल | 2005030802943 | ८०००.०० |
| जेष्ठ नागरिक भत्ता अन्य | जगमाया प्रजा | 1983111500472 | ८०००.०० |
| जेष्ठ नागरिक भत्ता अन्य | दिलमाया चेपाङ | 2005050702462 | ८०००.०० |
| जेष्ठ नागरिक भत्ता अन्य | पुतली गुरुङ | 2005051801535 | ८०००.०० |
| जेष्ठ नागरिक भत्ता अन्य | प्रेम माया प्रजा | 2005011010960 | ८०००.०० |
| जेष्ठ नागरिक भत्ता अन्य | राज बहादुर गुरुङ | 2005121701236 | ८०००.०० |
| जेष्ठ नागरिक भत्ता अन्य | रामलाल प्रजा | 2005030505025 | ८०००.०० |
| जेष्ठ नागरिक भत्ता अन्य | सनसरी तामाङ | 2005022002353 | ८०००.०० |
| जेष्ठ नागरिक भत्ता अन्य | सुर्य बहादुर तामाङ | 2005060901326 | ८०००.०० |
| जेष्ठ नागरिक भत्ता अन्य | सो माया चेपाङ | 2005070801862 | ८०००.०० |
| जेष्ठ नागरिक भत्ता दलित | मुरली प्रसाद परियार | 201401190882 | ४०००.०० |
| | | जम्मा | १०००००.०० |

एम आइ एस मा नभएका तर हातले नाम लेखि भत्ता वितरण गरेको व्यक्तिको नामावली

| भत्ताको प्रकार | थप गरेको नाम थर | साबिकको नाम थर | साविकको व्यक्तिगत परिचय नं. | रकम |
|---|---|---|---|---|
| जेष्ठ नागरिक भत्ता अन्य | जुनु प्रजा | मान बहादुर गुरुङ | 1999100701343 | ८००० |
| जेष्ठ नागरिक भत्ता अन्य | भिम बहादुर प्रजा | रन बहादुर गुरुङ | 2005090101418 | ८००० |
| जेष्ठ नागरिक भत्ता अन्य | बुद्धिमाया घर्ती | विभा गुरुङ | 2000090701523 | ८००० |
| जेष्ठ नागरिक भत्ता अन्य | सुक बहादुर गुरुङ | सुक माया गुरुङ | 1997011002406 | ८००० |
| अति अशक्त अपाङ्ग | योगेन्द्र थापा मगर | मदन बहादुर गुरुङ | 2005050702462 | २४०० |
| बाल बालिका भत्ता | कृष्ण परियार | स्वस्तिका सुनार | 2072082202349 | १६०० |
| | | | जम्मा | ३६००० |

| | | |
|---|---|---|
| ८५.३. | आ.व.०७५।०६६, रिता अर्याल नेपालको वडा नं.३, प्रथम किस्ता सामाजिक सुरक्षा भत्ता वितरण गर्दा एम आई एस विवरणको आधारमा भत्ता वितरण गर्नुपर्नेमा कार्यालयले हातैले लाभग्राही नाम, नामेसी राखी हात-हातै नगद भत्ता वितरण गरेको पाइयो भने निम्न उल्लेखित लाभग्राहीको नामावली एम.आई.एस विवरणमा रहेको नपाईएकाले  कार्यालयबाट छानबिन गरी यकिन गर्नुपर्ने रू. | २१६००.०० |

| सि.नं. | नाम, थर | जन्म मिति | भत्ताको किसिम | वितरण रकम |
|---|---|---|---|---|
| १. | गोपीलाल गुरुङ | २००४।०५।२९ | जेष्ठ नागरिक | ८००० |
| २. | संसार गुर्सिनी | २००४।११।०४ | जेष्ठ नागरिक | ८००० |
| ३. | वुद्धिमाया चेपाङ | २००८।०४।०१ | एकल महिला | ४००० |
| ४. | जस्मिन सुनार | २०७१।०१।०८ | दलित बाल, बालिका | १६०० |
| | | | जम्मा | २१६००.०० |

## ईच्छाकामना गाउँपालिकाको संचित कोषको विवरण

## आ.व. ०७६।०७७

अनुसूची १

(रु.हजारमा)

| जिल्ला | कार्यालयको नाम | लेखापरीक्षण रकम | बेरुजु रकम | आयतर्फ | | | | | | व्यय तर्फ | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाँडफाँड | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| चितवन | इच्छाकामना गाउँपालिका | ९९३७८५ | ३४४९८ | ७२२२३ | ३५५९६३ | ७५८२५ | १९६२१ | ७४०१३ | ५२५४२२ | २२८०१३ | १८०२११ | ६०१३९ | ४६८३६३ | १२९२८२ |

## बेरुजु बर्गीकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसूची २

(रु.हजारमा)

| जिल्ला | कार्यालयको नाम | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बाँकी बेरुजु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| चितवन | इच्छाकामना गाउँपालिका | ७७ | ७३ | १०३३६७ | ० | ११ | ६८८७० | ७७ | ६२ | ३४४९८ | २१४५ | ७२९ | ३०९५१ | ० | ० | ३१६८० | १८५ | ४८८ | ६७३ |

## अद्यावधिक बेरुजु स्थिति

अनुसूची ३

(रु.हजारमा)

| जिल्ला | कार्यालयको नाम | गत वर्षसम्मको बाँकी बेरुजु | समायोजन | सं.पको लागि अनुरोध भइ आएको रकम | सं.प.भएको रकम | सम्परीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको बाँकी बेरुजु रकम | यो वर्ष थप रकम | कुल बाँकी बेरुजु | बाँकी बेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| चितवन | इच्छाकामना गाउँपालिका | १०८९५६ | ० | ७१९६ | ७१९६ | ० | ० | १०१७६० | ३४४९८ | १३६२५८ | ३३१०४ |